महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

हरिपुर नगरपालिका
सर्लाही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं. १ र प्रदेश नं. २ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्या - २०७८/७९
च.नं. - १६६

मितिः २०७८/५/४

श्री प्रमुखज्यू,
हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ को प्रयोजनको लागि अनुरोध छ ।



(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश न.१ र प्रदेश न. २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं.: १५४ मितिः२०७८।५।४

श्री प्रमुखज्यू,
हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले हरिपुर नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखा परीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया साथ प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट भएको छैन । अन्तिम प्रतिवेदन पाना ४३ यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु १५ करोड ९७ लाख ८८ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु १ करोड ४७ लाख ४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १२ करोड ५९ लाख ९ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ९१ लाख ७५ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखा परीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रदेश न.१ र प्रदेश न. २ लेखापरीक्षण महानिर्देशनालय)

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखा परीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

हरिपुर नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।०७७

- **परिचय** : स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, ६६.८६ वर्ग किलोमिटर क्षेत्रफल तथा ४२ हजार ७८३ जनसंख्या रहेको छ ।

- **संवैधानिक र कानूनी व्यवस्था :** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार नगर सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ । सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दै आएको छ ।

- **आर्थिक कारोवारको स्थिती :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेका प्राप्ती र भुक्तानी हिसावको आर्थिक वर्ष २०७६।०७७ को समग्र आर्थिक कारोवारको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गतवर्षको जिम्मेवारी**	१५२८५६४६८।७८	१	**चालु खर्च**	
	क) नगद	०.००		क) संघीय वित्तीय सामानिकरण	१२६५४९७०.१०
	ख) बैंक (अनुसूचि १ अनुसार) रु १४६७००७३७.३५			ख) प्रदेश वित्तीय सामानिकरण	०.००
	ग) धरौटी बैंक अनुसार रु ६१५५७३१.४३			ग) राजश्व बाँडफाँड	६२१६१२१८.१८
२	**संघीय वित्तीय हस्तान्तरण**			घ) आन्तरिक श्रोत	२७२६१५२.००
	क) वित्तीय समानिकरण अनुदान	११४१०३१४०.००	२	**पूंजीगतखर्च**	
	ख) सशर्त अनुदान	१७८२४५८५४.६४		क) संघीय वितिय सामानिकरण	५४१३८०३१.३६
	ग) समपूरक अनुदान	०.००		ख) प्रदेश वित्तिय समानिकरण	३६५५२७५.६८
	घ) विशेष अनुदान	०.००		ग) राजश्व बाँडफाँड	८२८२४०९.९९
३	**प्रदेश सरकारबाट प्राप्त अनुदान**			घ) आन्तरिक श्रोत	११६०५४८५६.२९
	क) वित्तीय समानिकरण अनुदान	७३६४०००.००	३	**सशर्त अनुदान खर्च**	
	ख) सशर्त अनुदान	२४२०२७८.००		क) संघीय सर्शत अनुदान	१४२५६६३३१.९१
	ग) समपूरक अनुदान	४००००००.००		ख) प्रदेश सर्शत अनुदान	२४९५२९८.१६
	घ) विशेष अनुदान	३००००००.००		ग) समपूरक अनुदान	१५१८२४८.२९
४	**आन्तरिक आय**			घ) विशेष अनुदान	७३४५०५.०९
	क) आन्तरिक राजस्व	१८६४३३३९.६३	४	**को.ले.नि.का ।प्र ले.नि.का फिर्ता**	
	ख) राजस्व बाँडफाँड	६५६४१९५०.८५		क) संघीय सशर्त अनुदान	४१०४३६६८.०९
	ग) अन्यआय	०.००		ख) प्रदेश सशर्त अनुदान	०.००
				ग) विषयगत फ्रिज हुने शिर्षक समपूरक अनुदान	२४८१७५१.७१
				घ) विषयगत फ्रिज हुने शिर्षक विशेष अनुदान	२२६५४९४.९१
५	**विषयगत निकासा रकम**				
	क) सामाजिक सुरक्षा	८३९४५६००.००	५	**विषयगत निकायको खर्च**	
	ख) स्थानीयपूर्वाधार	१६४५४५९३.८०		क) सामाजिक सुरक्षा	८३९४५६००.००

	ग) तराई मधेश समृद्धि कार्यक्रम	३९९९९९०.१६		ख) स्थानीयपूर्वाधार	१६४५४५९३.८०
	घ) वहुक्षेत्रीयपोषण	७२७०००.००		ग) तराईमधेश समृद्धि कार्यक्रम	३९९९९९०.१६
	ङ) प्रधानमन्त्री रोजगार ८६५२९५.६२	१३६४१५५.२०		घ) वहुक्षेत्रीयपोषण	७२७०००.००
	च) राष्टिय परिचयपत्र तथा पंजिकरण	७७०६००.००		ङ) प्रधानमन्त्री रोजगार ८६५२९५.६२	१३६४१५५.२०
६	**अन्य कार्यकम**			च) राष्टिय परिचयपत्र तथा पंजिकरण	७७०६००.००
	क) सडक वोर्ड नेपाल	२८५००००.००	६	**अन्य कार्यकम**	
	ख) स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता	२१७५२३२१.२		क) सडक वोड नेपाल	२१०००००.००
	ग) प्रदेशवाट प्राप्त कोरोनाको लागि	१५०००००.००		क) स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता	४३८७९३६.३०
७	**धरौटी प्राप्ती**	११५३८२४७	७	**धरौटी फिर्ता**	४८३१२६४.०९
			८	**व्यय तर्फ हिसाव मिलान गर्न नसकेको फरक**	११९१५८५।८५
८	**विभिन्न कोष आम्दानी**		९	**विभिन्न बांकी मौज्दात** (अनुसुची २)	११९६२६६०२।१५
				क) श्रेस्ता अनुसार वांकी बैंक रु४५३९२१६५.६०	
				ख) धरौटी बांकी रु ६७०६९८२.९२	
				ग) स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता रु १७३६४३८४.९४	
				घ) सडक वोर्ड नेपाल रु ७५००००.००	
				ङ) आन्तरिक श्रोत रु ४९४१३०६८.६९	
		जम्मा	६९११७७५३९.३१		जम्मा	६९११७७५३९.३१

अनुसूची — १

गत बर्षको मौज्दात अल्या

सि.न.	शिर्सक नम्बर	बैंकको नाम	मौज्दात रकम
१	धरौटी खाता	नेपाल वैंक लिमिटेड	६१५५७३१।४३
२	संचित कोष खाता	नेपाल वैंक लिमिटेड	१४६७००७३७
		जम्मा	**१५२८५६४६८।७८**

अनुसूची —२

यस बर्षको मौज्दात बाकी

सि.न.	शिर्सक नम्बर	बैंकको नाम	मौज्दात रकम श्रेस्ता अनुसार	मौज्दात वैक स्टेटमेन्ट अनुसार
१	आन्तरिक राजस्व खाता	एन आइ सि एशिया वैंक लिमिटेड	५२९३७२३।०१	४२२२२७
२	बाडफाड बाट प्राप्त राजस्व खाता	एन आइ सि एशिया वैंक लिमिटेड	०।००	११६६४०५।२३
३	चालु खर्च खाता-बिजोर वर्ष	एन आइ सि एशिया वैंक लिमिटेड	८९६५५१९३।८९	१०४६३२७३७।९१
४	पूँजिगत खर्च खाता-बिजोर वर्ष	एन आइ सि एशिया वैंक लिमिटेड	४१७७९४८१।९९	५६२५२४४१।४४
५	धरौटी खाता	एन आइ सि एशिया वैंक लिमिटेड	६७०६९८२।९३	५८७३७२५।४५
६	संचित कोष खाता	एन आइ सि एशिया वैंक लिमिटेड	४६१७७४९।९३	४६१७७४९।९३
७	विभाज्य कोष खाता	एन आइ सि एशिया वैंक लिमिटेड	०।००	८००
८	स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता	एन आइ सि एशिया वैंक लिमिटेड	१७३६४३८४।९५	१७४१४३८४।९४
		जम्मा	**१६५४१७५१६।६५**	**१९०३८०४७१।९०**

दफा	लेखापरीक्षणबाट देखियका ब्यहोराहरू	बेरुजू रकम

	असुली : लेखापरीक्षणको क्रममा प्रदेश समपुरक रु २४८१७५१.०१ र प्रदेश विशेष अनुदान रु २२६५४९४.९१ समेत रु ४७४७२४५।९२ प्रदेस संचित कोष दाखिला भएको छ ।	
१.	एकीकृत आर्थिक विवरणको परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् :	
१.१.	नगरपालिकाले बैंक समायोजन हिसाब तयार गरेको छैन । कार्यालयबाट प्राप्त आर्थिक विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा श्रेस्ता अनुसार बैंक मौज्दात रु.१६५४१७५१६।६५ रहेको देखियो । लेखापरीक्षणको क्रममा बैंक स्टेटमेन्ट माग गरी परीक्षण गर्दा रु १९०३८०४७१।९० वैक वाकी देखियो। जसबाट श्रेस्ताको बाँकी र बैंक बाँकी विच फरक रु २४९६२९५५।२९ को बैंक समायोजन हिसाव तयार गरी श्रेस्ता र बैंक मौज्दातको हिसाव मिलान गर्नुपर्दछ ।	
१.२.	यस वर्ष सशर्त अनुदान प्रदेश सरकारबाट रु.२४२०२७८। प्राप्त भएकोमा कार्यालयले रु.२४९५२९८।१६ खर्च गरी निकासा रकम भन्दा रु. ७५०२०।१६ बढी खर्च गरेको छ । निकासा भन्दा बढी खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्च सोधभर्ना गर्नुपर्ने रु	७५०२०
१.३.	एकिकृत आर्थिक विवरण अनुसार रु ११९६२६६०२।१५ मौज्दात देखाएकोमा अनुसूचि २ मा रु १६५४१७५१६।६५ उल्लेख गरेको छ। अनुसूचि २ र एकिकृत आ.वि.मा फरक परेको रु ४५७९०९१४।७१ का सम्वन्धमा कारण स्पष्ट गर्नु पर्ने सम्बन्दमा छलफल हुदा कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेस लेखा नियन्त्रक कार्यालयमा क्रमश २०७७ सालको आश्विन १९ र फागुन २० मा फिर्ता दाखिला गरेको रू ४५७९०९१४।७१ समेत अनुसुचि २ मा समाबेस भएको जानकारी गराएको छ । अत आ.ब. २०७७।७८ को लागी अ. ल्या. गर्दा रू १६५४१७५१६।६५ नै जिम्मेबारी सारिनु पर्दछ ।	
१.४.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तयार तथा लेखाङ्कन गरेको पाईएन ।	
१.५.	**सुत्रको प्रयोगः** नगरपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने निर्देशन भए अनुसार यस आर्थिक बर्षमा लागु गरेको भएतापनि विषयगत मन्त्रालयबाट प्राप्त बजेट सुत्रमा प्रविष्ट नगरेको, गत वर्षको मौज्दात रकम अ.ल्या. नभिडेको, स्रोतगत अनुमान बजेट सुत्रमा प्रविष्ट गरेकोमा अन्तिम बजेट सोही मानेको हुँदा मौज्दात रकम घटी/बढि देखिएको र कार्यालयले सुत्रबाट गोश्वारा भौचर मात्र उतार गरी अन्य विवरण प्रविष्ट नगरेको कारणले म.ले.प.फा.नं.२७२ र २७५ भिडान नभएको अवस्था छ । डाटा प्रविष्ट गरी वार्षिक प्राप्ती तथा भुक्तानीको हिसाव मिलान गर्नुपर्दछ ।	
१.६.	कार्यालयले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार आय र व्यय वरावर नगरी फरक रु १९१५८५।८५ व्यय तर्फ हिसाव मिलान गर्न नसकिएको भनी देखाएको छ। उक्त रकम के कसरी फरक परेको हो फरक परेको सम्वन्धमा स्पष्ट पार्नु पर्ने रु	१९१५८५
१.७.	एकिकृत आय र व्यय अनुसार आन्तरिक राजश्व रु १८६४३३३९।६३ असूली भएको देखाइएको छ। तर लेखापरीक्षणको क्रममा रु ४८४३३६० को मात्र श्रेस्ता कागजात पेश गरेको छ। वाकी आन्तरिक आय के वापत कति र कसरी असूली भएको हो सो को विवरण तयार गरी लेखापरीक्षण गराउनु पर्ने रु	१३७९९९७९।६३
१.८.	**धरौटी तर्फ** गतको अ ल्या रु ६५५५७३१।४३ मा यस वर्ष रु ११५३८२४७।०१ प्राप्ति तथा	

	रु ४८३१२६४।०९ फिर्ता गरी रु ६७०९९८२।९२ वाकी देखाएकोमा श्रेस्ता पेश नभएकोले लेखापरीक्षण हुन सकेन ।	
१.९.	स्थानिय संचित कोषको वैक नगदी किताव र वैक स्टेटमेन्ट एउटै हुनुपर्नेमा फरक परेको छ। वैक नगदी किताव अनुसार वैक डेविट रु ७१०९५६५५४।१८ तथा क्रेडिट रु ६८००७४०८४।९८ भई रु ३०८८२४६९।२० वाकी देखिन्छ। तर सोही खाताको वैक स्टेटमेन्ट अनुसार असार मसान्तको वैक वाकी रु ४६१७७४९।९३ मात्र देखाउछ। अतः एउटै खाताको वैक नगदी किताव र वैक स्टेटमेन्ट फरक परेको सम्वन्धमा कारण जनाएको छैन ।	
२.	**आर्थिक कारोवारको अवस्था** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ । यस सम्बन्धमा नगरपालिकामा देखिएका व्यहोरा देहाय बमोजिम छन् • संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता परीक्षण गर्दा अद्यावधिक नरहेको कारण पेश गरेको आय–व्यय विवरण यथार्थ छ भनि भिडान गर्न सक्ने आधार भएन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस पालिकाले सो अनुसार एकिकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र को.ले.नि.का पठाएको छैन । • आर्थिक वर्ष २०७६।७७ मा भएको खर्चको चेक भुक्तानीको लागि आवश्यक रकम मूल संचित कोष खाताबाट कार्य संचालन खातामा सोही वर्षमा ट्रान्सफर गर्नुपर्नेमा पछिल्लो आ.व. २०७७।७८ मा समेत मूल संचित कोष खाताबाट रकम ट्रान्सफर गरेको छ । मूल संचित खाताबाट आषाढ मसान्त भित्रै आवश्यक रकम ट्रान्सफर गरी खर्चको लेखाङ्कन गर्नुपर्दछ । ऐनको व्यवस्था अनुसार वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
३.	**खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सातदिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । खर्च गर्दा आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ ।	
४.	**आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित,	

	मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ—आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार गर्नुपर्ने र प्रचलित कानुन पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने व्यवस्था छ । त्यसैगरी प्रचलित कानुनमा व्यवस्था भएका प्रावधानहरुको पालना हुनुपर्दछ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन साथै वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयोः • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नभएको, • आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२) बमोजिम उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको , • निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको , • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यलयले निरीक्षण गरेको देखिएन, • वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण नगरेको, • प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन नगरेको, • योजना छनौट भए तापनि सवै योजना कार्यान्वयनमा नल्याएको, • वितरणमूखी कार्यक्रमलाई संचालन गरेको, • पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको , • स साना योजनालाई प्राथमिकता दिएको, • कोषहरुको कार्यविधि कानून नवनाएको, • उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको, • कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण नगरेको, • कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको, • संस्थागत क्षमता विकासमा उल्लेखनिय प्रगति नगरेको, • आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको, • उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको, • न्यायीक समितिवाट मुद्दाको किनारा लगाउन वाँकीको विवरण प्राप्त नभएको , • चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको, • राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको, • राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको, • तलवी प्रतिवेदन पारीतमा पूर्णता कायम नगरेको, • प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको, • विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको • अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको, • एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण नगरेको,	

	• लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको, • विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको विलमा घरायासी प्रयोजनका खाद्यान्न सामानको प्रयोजन नखुलाई विल राखी भुक्तानी गरेको, • कार्यालयमा टेलिफोन नभएको भनि प्रयोजन नखुलाई निजी फोनमा रिचार्ज खर्च लेख्ने गरेको, • उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको, • अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको, • निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको , • उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको , • आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ बमोजिम सबै आर्थिक कारोवारको श्रेस्ता स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको, • जिन्सी खाता, बैक नगदी किताव, लेजर खाताहरु प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको, • आम्दानी तर्फको म.ले.प.फा.नं.(साविक)१०८ र २३ जस्ता खाता नराखेको, • म.ले.प.फा.नं.(साविक) ४७ र ५२ जिन्सी खाता अद्यावधिक नगरेको , • केही उपशिर्षकमा बैंक नगदी किताब र आषाढको खर्चको फाटवारी नमिलेको, • नियम बमोजिम खर्चको विल भरपाईको तेरिज, जोडजम्मा, प्रमाणिकरण, भुक्तानीको छाप र खर्चका यथेष्ट प्रमाण नरहेको, • ईन्धन खर्चको लगबुक नराखेको, • कतिपय निजी सवारी साधनको मर्मत खर्च भुक्तानी गरेको, • नापी किताव लुजसिटमा रहेको । • कार्यालयले अग्रिम आयकर लगायतका दायित्व रकम सम्वन्धित खातामा जम्मा गरेको वैक भौचरहरु वैकको कर्मचारीवाट हस्ताक्षर हुने नगरेको। जस्तै भौ न ५८६ वाट रु २२८११२।१० को ६ वटा वैक भौचर भौ न ५८४ को रु ४६८१४ को ६ वटा वैक भौचरमा वैक कर्मचारीको हस्ताक्षर छैन। नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५.	**सेवा प्रवाह :-** पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष नागरीकता सिफारिस संख्या ५५७, घरबाटो सिफारिस संख्या ८०२, नाता प्रमाणीत संख्या २७८, जन्म मृत्यु दर्ता संख्या १३६८ र अन्य सिफारिस ४३३४ को भएको उल्लेख गरेको छ ।	
६.	**आन्तरिक लेखापरीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार यस वर्ष आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छैन। ऐनको प्रावधान कार्यान्वयन गरी आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्दछ ।	
७.	**स्थानीय संचित कोषः** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम	

नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सन्चालन नभएका व्ययहरुको आयव्यय हिसावको छुट्टै संचितकोषको हिसाब राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले संचितकोषको छुट्टै हिसाब राखेको भएतापनि सो मा वर्षभरी भएको सम्पूर्ण कारोबारको रकमको हिसाब राखी चालु र पूंजीगत खर्च खातामा ट्रान्सफर गरी खर्च खाताहरुबाट आर्थिक वर्षभरी कारोबार गरी वर्षान्तमा बांकी रकम यस कोषमा फिर्ता गर्नुपर्नेमा खर्च खाताहरुबाट समेत सिधैं कारोबार गरेको तथा संचित कोषको हिसाब अध्याबधिक नगरेको कारणले एकिकृत आयव्यय बिवरणले देखाएको हिसाब भिडान गरी यकिन गर्न सकिएन । तसर्थ ऐनमा व्यवस्था भए बमोजिम सञ्चित कोष तथा खर्च खाताहरुको अभिलेख राखी सम्बन्धित खातामा जनाई हिसाब दुरुस्त राख्नुपर्दछ ।

८. **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले २०७६।०३।१० गते रु. ५४ करोड ३५ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।०३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

९. **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसो चौमासिक	
१	कूल पूजीगत खर्चः	१९२६४९	६४१३१	२६७१२	१०१८०६	४५१३८
	खर्च प्रतिशत	१००	३३.२८	१३.८६	५२.८४	२३.४३

१०. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	१७१३०	८१७	०.२०
सामाजिक क्षेत्र	२२६६७९	१७०७४३	४३.२९
पूर्वाधार विकास क्षेत्र	२२०४७५	१२२८३२	३१.१४
वित्तीय व्यवस्थापन र सुशासन	५८५२१	४१७७६	१०.५९
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	७८५०३	५९००२	१४.९६
जम्मा	६०१३०८	३९४३५४	१००

११. **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२) तथा फारम २५

अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको मध्ये रु ४१०४३६६८।०९ समयमै फिर्ता नगरी २०७७।०६।१९ मा संघिय सरकारलाई फिर्ता गरेको छ। फिर्ता गर्न वाकी रु ४७४७२४६।६२ मिति २०७७।११।२० मा मात्र प्रदेश लेखा इकाई कार्यालयमा फिर्ता गरेको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	१८३६१००००	१४२५६६३३१.९१	४१०४३६६८.०९
प्रदेश सरकार	शसर्त	२४२०२७८	२४९५२९८.१६	(७५०२०.१६)
	विषेश	३००००००	७३४५०५.०९	२२६५४९४.९१
	समपुरक	४००००००	१५१८२४८.२९	२४८१७५१.७१
	जम्मा	**१९३०३०२७८**	**१४७३१४३८३.४५**	**४५७१५८९४.५५**

११.१.	सुत्रको अनुसूचि १२ अनुसार संघिय सशर्तको रकम रु ४१०४३६६८।०९ देखाएतापनि संघिय हस्तान्तरित चालूको वैक नगदी किताव अनुसार वैक वाकी रु ४२११७४७४।७७ देखिएकोले धरौटी रकम फिर्ता गरेको देखियो। स्थानिय संचित कोषमा वाकी रहेको रु १०७३८०६।६८ र संघिय हस्तान्तरित पूजीगतको वैक नगदी किताव अनुसार वैक वाकी देखिएको रु २७००९।८४ समेत संघिय कोषमा फिर्ता गर्नु पर्ने रु	११००८१६
१२.	**कल्याण कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कोषको संचालन सम्बन्धी कुनै ऐन कानूनको व्यवस्था गरेको देखिएन ।	
१३.	**श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । नगरको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।	
१४.	**योजनाः** योजना बाँडफाँड गर्दा ठुला योजनालाई प्राथमिकीकरण गरेको देखिएन । २५५ वडास्तरिय र २४ वटा नगरस्तरिय योजना गरी २७९ योजना रहेका छन । ९ वडामा योजना वनाई रकमको वर्गिकरण तथा वितरण र सोको कार्य सम्पादन गर्न कठिनाई हुन जाने देखिँदा ठुला पूर्वाधारजन्य योजना छनौट गरिनू आवश्यक देखिन्छ ।	
१५.	**वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । एउटै क्षेत्र भित्र वडागत योजना, नगरपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रका कार्यक्रमका लागि रकम विनियोजन गरेको छ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र नगरपालिकाको सार्वजनिक निर्माण सँग योजना दोहोरो पर्नसक्ने अवस्था	

	छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँबाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ ।	
१६.	**वार्षिक खरिद योजना/गुरु योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले यस वर्ष रु.१९ करोड २६ लाख ४९ हजार को पूँजीगत खर्च/खरिद कार्य गरेको छ । नगरपालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना/गुरु योजना बनाई खरिद कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ ।	
१७.	**बार्षिक आर्थिक कारोवारको प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९० उपनियम (१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवार (नगदी,जिन्सी आय व्यय) को अनुसूची २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस दिनभित्र दुई प्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र एक प्रति तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म अनुसूची २११ बमोजिमको ढाँचाको वार्षिक आर्थिक कारोवार, प्रतिवेदन तयार नगरेकोले नियमको व्यवस्था पालना भएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।	
१८.	**आन्तरिक ऋणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।	
१९.	**स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । त्यसैगरी प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको समग्र प्रोफाईल तयार गर्नुपर्नेमा सो समेत तयार गरेको देखिएन ।	
२०.	**अनुगमन तथा सुपरिवेक्षणः** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र नगरपालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण कार्यान्वयन गरेको देखिएन । केहि योजनामा नगर प्रमुख र उप प्रमुख तथा सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले अनुगमन गरेको भएपनि केहि योजनामा नगर प्रमुख र सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले वाहेक अधिकांश योजना वार्ड अध्यक्ष, वार्ड सदस्यले मात्र तथा कर्मचारी,	

	प्राविधिकले मात्र अनुगमन गरेको देखिएको छ । प्रस्तुत अनुमगन प्रतिवेदनमा आर्थिक अवस्था र काम सम्पन्न भएको व्यहोरा उल्लेख गर्ने गरेको छ । काम नभएका र सुधार गर्नुपर्ने व्यहोरा कमै मात्र उल्लेख गर्ने गरेको छ । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्य ऐनले निर्दिष्ट गरेबमोजिम जिम्मेवार पदाधिकारीबाट नगराउँदा र प्राविधिक पक्षको कमि कमजोरी नऔंल्याउँदा साधनस्रोतको अधिकत्तम उपयोग, सेवा प्रवाह तथा कामको गुणस्तर प्रभावकारी हुन नसक्ने तर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्दछ ।	
२१.	**न्यायीक समितीः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका उजुरीको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ भने अन्य उजुरी सम्वन्धमा अवधि किटान गरेको छैन । कार्यालयले न्यायीक समितिमा के कति उजुरी दर्ता भए त्यस मध्ये कति फर्छयौट र बाँकी रहे सो को विवरण तयार गरेको छैन । विवरण तयार गरी न्याय सम्पादन प्रक्रियालाई टुङ्गो लगाउनु पर्दछ ।	
२२.	**गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।	
२३.	**जिन्सी निरिक्षणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७६।७७ मा जिन्सी निरिक्षण गरेको भएता पनि कानुनी व्यवस्था अनुसार जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको छैन । जिन्सी प्रतिवेदन तयार नहुँदा मर्मत एवम् लिलाम गर्नुपर्ने, मूल्य नखुल्ने जस्ता विवरण अद्यावधिक नहुने हुँदा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
२४.	**सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल—अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु नगरपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, नगरपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ ।	
२५.	**बेरुजु अभिलेखः** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा	

	बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ ।	
२६.	**उपभोक्ताको काम** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।	
२७.	**मेसिनको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ । साथै लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको छ । यसबाट उपभोक्ताको योगदान सुनिश्चित गर्न सक्ने आधार भएन ।	
२८.	**निर्माण कार्यको गुणस्तरः** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १२ मा निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो	

	लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।	
२९.	**डोर हाजिरी फाराम नियन्त्रण खाताः** कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.१७५ राख्ने गरेको छैन भने डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारामहरु को, कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ ।	
३०.	**व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।	
३१.	**सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
३२.	**मनोरञ्जन करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।	
३३.	**सामाजिक परीक्षण** : पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वियन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई कार्यान्वियनमा ल्याउनुपर्नेमा ल्याएको देखिएन । सार्वजनिक परीक्षण सम्बन्धी ढाँचा तोकी कार्यान्वियनमा नल्याएकोले योजनामा सार्वजनिक परीक्षण हुन सकेको पाइएन । पालिकाले केही ठूला योजनाहरू छनौट गरी सामाजिक परीक्षणको व्यवस्था समेत कार्यान्वियन गरेको देखिएन । पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु योजनामा निर्देशिका बनाई तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउने कार्य गर्नुपर्ने देखिन्छ ।	

३४.	**काम, कर्तव्य र अधिकार** : संविधानको अनुसूची–८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय स्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन लगायत २२ प्रकारका अधिकार उल्लेख छ । संघ वा प्रदेशले संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय पालिकालाई कानून बनाई निक्षेपण गरेको अवस्था देखिएन ।	
	नगरपालिका चालु (राजश्व बाँडफाँड)	
३५.	**तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारी तलव भत्तामा रु ९८,७०,३४६.४६ खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ । साथै कार्यालयले दरवन्दी चार्ट एवम सो वमोजिम कार्यरत कर्मचारीको विवरण पेश नगरेकोले दरवन्दी अनुसारनै कर्मचारी छन भन्ने एकिन गर्न सकिएन।	
३६.	**कर्मचारी करार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नहुने व्यवस्था छ। पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु.११५००००० खर्च लेखेको छ । जसमा आस्विन महिनाको पदाधिकारी पारिश्रमिक रु ६३५००० समेत भुक्तानी भएको देखिन्छ। साथै करारका कर्मचारीको सम्झौता र म्याद थपका कागजात समेत पेश हुन सकेन। यसबाट पालिकाले आवश्यक भन्दा बढी कर्मचारी करारमा राखेको छैन भन्न सकिएन भने करारका कर्मचारीको सम्झौता र म्याद थप भए नभएको एकिन गर्न सकिएन। अविलम्ब सङ्गठन व्यवस्थापन सर्वेक्षणबाट दरवन्दी स्वीकृत गरी यसरी कार्यरत कर्मचारी राख्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।	
३७.	**फरक शिर्षकवाट भुक्तानीः** आस्विन महिनाको पदाधिकारीको पारिश्रमिक भुक्तानी भनी रु ६३५००० करार सेवा शुल्कवाट खर्च लेखेको छ। यसरी फरक शिर्षकवाट भुक्तानी गरेको खर्च नियमित हुनुपर्ने रु	६३५०००
३८.	**भ्रमण अभिलेख एवं प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार रु ९००००० भ्रमण खर्च र रु ३७८८०० अनुगमन मूल्यांकनमा खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन। कतिपय भ्रमण विलमा कार्यालय प्रमुखले प्रमाणित गरेको देखिदैन। एउटै गोश्वारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने स्थान जनकपुर मलगंवा वर्दिवास विरगंज हेटौडा लगायतका स्थानको समेतको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमाबलीमा उल्लेख भएबमोजिम	

	भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
३९.	**कार्यालय सम्बन्धि खर्चः** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामान रु ३७३२०४०।९५ र छपाइ तथा सूचना प्रकाशनमा रु.९९८०६६।१० खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ भने पत्रपत्रिकामा कार्यालयको सूचना प्रकासन गर्दाको लागतमा समेत अधिकतम छुट प्राप्त गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।	
४०.	**मर्मत आदेशः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा धेरैजसो खर्चमा मर्मत आदेश र मर्मत अभिलेख म.ले.प.फा.नं. २ तयार नगरी सवारी साधन मर्मतमा रु ८२८४९८।५९ मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्चमा रु ३९९२९० र निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्चमा रु ४०९६७८।८६ खर्च लेखेको छ । नियमको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	
४१.	**इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन (पदाधिकारी) रु.५८७८४९, इन्धन कार्यालय प्रयोजन रु. ६३२८७७।५० समेत रु.१२२०७२६।५० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	
४२.	**विविध खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विविध खर्च वापत रु. ९२६५२७ खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।	
४३.	**वडा कार्यालय संचालन खर्चः** नगरपालिकाले वडा नं. १ देखि ९ सम्म प्रति वडा रु.१५००० का दरले ९ वडाको वडा सञ्चालन खर्च वापत यो वर्ष रु. १६२००००।०० खर्च गरेको छ । वडा कार्यालयसँग सम्बन्धित नियमित खर्चहरु नगर कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट जिन्सी सामान खरिद, कार्यालय व्यवस्थापन, संचार लगायतका कार्यमा खर्च गर्दा जिन्सी	

	लगत अद्यावधिक नहुने, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।	
४४.	**कानुनी सल्लाहकार** : स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्वन्धी ऐनमा पदाधिकारीहरुको लागि सल्लाहकार तथा सहायक कर्मचारी राखी पारिश्रमिक दिने व्यवस्था छैन । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी कानुनी सल्लाहकार श्री चन्देश्वर साह लाई मिति २०७६ साउन देखि २०७६ कार्तिक सम्म कार्य गराइ मासिक रु.२५०००। का दरले रु १००००० र श्री भिखारी मन्सुरलाई मिति ०७६ मंसिरदेखि ०७७ असाढ सम्म मासिक रु २५००० का दरले रु २००००० भुक्तानी गरेको छ । कानुनमा उल्लेखित सुविधा वाहेक सल्लाहाकार कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्य नियमित नदेखिएको रु.	३०००००
४५.	**पदाधिकारी सुविधा** : नगरपालिकाले ५० सभा सदस्यलाई मिति २०७६ श्रावणदेखि २०७६ असोज सम्मको ३ महिनाको रु.१२५८००० पदाधिकारी सेवा सुविधा भुक्तानी गरेको छ ।	
४६.	**मोवाइल सेट वितरणः** १८७।०७६।१०।१२ कार्यलयले ८ जना कार्यपालिका सदश्यलाई रु १०००० का दरले १० वटा सामसुग मोवाइल सेट खरिद गरी वितरण गरेको छ। यस्तै लेखा अधिकृत भुपेन्द्र कुमार सिंहलाई रु २२००० को भिभो मोवाइल खरिद गरी वितरण गरेको छ। अत निजहरुलाई मोवाइल फोन सुविधा दिन मिल्ने र पाउने आधार भए पेश हुनुपर्ने अन्यथा निजवाट असुल हुनुपर्ने रु	१२२०००
४७.	**कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष ११ जना कर्मचारीमा १ जनालाई ३० प्रतिशत र वाकी १० जनालाई २५ प्रतिशतका दरले प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	९५७१५३
४८.	**फोटोकपी विजकः** ४५।०७६।०७।०५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राखुपर्ने व्यवस्था छ। कार्यालयले जेसिवी मर्मत गरेको भनी फोटोकपी विजकको आधारमा रामकृष्ण इन्टरप्राइजेज प्रा.लि.लाई रु ११२५४६ भुक्तानी गरेको छ। तसर्थ उक्त भुक्तानीको सक्कल कर विजक एवम मर्मत आदेश र दाखिला प्रततिबेदन पेश हुनुपर्ने अन्यथा कर कट्टी गरी वाकी रकम असुल हुनुपर्ने रु	११२५४६
४९.	**विजक वेगर भुक्तानीः** १७६।०७६।१०।०९ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राखुपर्ने व्यवस्था छ। कार्यालयले सवारीसाधनको विमा तथा नविकरण शुल्क वापत आइएमई जनरल इन्सुरेन्स लिमिटेडलाई कर विजक वेगर रु २४३७५४।४२ भुक्तानी गरेको छ। यसर्थ विमा गरिएको भए कर विजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	२४३७५४
५०.	**कर विजकः** ४८।०७६।०७।०५ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ठेक्का लगायतका सुचना प्रकाशन गरेको भनी उज्यालो अभियान मिडिया नेटवर्क प्रालिले पेश गरेको ५ थान प्यान विलको आधारमा जम्मा रु ८०००० भुक्तानी गरेको छ।	

	उज्यालो अभियान मिडिया नेटवर्क प्रालि मूल्य अभिवृद्धिकर ६०९६३५४४१ मा दर्ता छ। यसर्थ मू.अ.करमा दर्ता भएको संस्थाले पेशगरेको प्यान विलमा समावेस १३ प्रतिशत मूअकरको रकम असुल गर्नु पर्ने रु	९२०३
५१.	**मू.अ.कर दर्ता** ४९।०७६।०७।०५ यसैगरी फेकु रसिद कुलो मर्मत निर्माण उपभोक्ता समितिलाई न्यु शक्ति ईटा उधोगको प्यान विल संलग्न गरी इटा खरिद वापतको रु ५७००० भुक्तानी गरेको छ । तर न्यु शक्ति इटा उधोग भ्याट न ६०६९६५०७७ मा दर्ता भएपनि प्यान विलमात्र पेश गरी भुक्तानी गरिएकोले रु ५७००० मा संलग्न १३ प्रतिशत मूल्य अभिवृद्धि कर असुल हुनुपर्ने रु	६५५७
५२.	**अन्य सहायताः** १९७।०७६।१०।१४ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले अन्य सहायता अन्तर्गत पेगम्वर महम्मदको जन्मदिवस मनाउने क्रममा घाइते भएकाहरुको उपचार खर्च भनी नवलपुर मोडेल हस्पिटललाई रु १००००० भुक्तानी गरेको छ। हस्पिटललाई उपचार खर्च भुक्तानी गर्दा रु ५८८६५ को विल भरपाई वेगर भुक्तानी भएकोले विल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	५८८६५
५३.	**अनुगमन मुल्याकंन खर्चः** पदाधिकारी र कर्मचारीलाई भत्ता वितरण गर्नको निमित्त भौ.न. ३४६।०७६।१२।२८ वाट रु ३१२०० र भौ.न. ३३४।०७६।१२।२७ वाट रु ८५४०० समेत रू ११६६००।०० सहलेखापाल राजिव महत्तोको नाममा खर्च लेखेकोमा सो रकम वितरणको भरपाई संलग्न गरेको देखिएन। साथै नगरपालिकाल भित्रकै योजनाको अनुगमन गरेवापत भत्ता भुक्तानी गर्ने आधार पेश भएको छैन । अत आधार पेस गरी भरपाई पेस हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	११६६००
५४.	**रेडियो कार्यक्रम खर्चः** ३५३।०७७।०१।०२ कार्यालय र सामुदायिक रेडियो एकता लालवन्दीविच २०७६।०७।०७ मा विज्ञापन, सुचना तथा सन्देश र रेडियो प्रसारण गरेवापत भनी रु ४४०००० भ्याट वाहेकको सम्झौता भएकोमा ०७६।१२।०५ मा रु २५०००० भुक्तानी गरेको छ। यस सम्वन्धमा कुन कार्यक्रम कति समय प्रसारण गरिएको हो र के कार्यक्रम निर्माण गरिएको हो भन्ने सम्वन्धमा एकिन गर्ने विवरण पेश हुनुपर्ने रु	२५००००
५५.	**नापी किताव पेश हुनुपर्नेः** २५१।०७६।११।११ सडक मर्मत संभार उपभोक्ता समिति ६ लाई सडक मर्मत गरेको भनी रु ९६१८२ भुक्तानी गरेकोमा नापी किताव तयार गरेको छैन । नापी किताव वेगरको खर्च वास्तविक हो भन्न सकिएन। अतः नापी किताव पेश हुनुपर्ने रु	९६१८२
५६.	**भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु १४८५४१ अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.	१४८५४१

गोभौनं./मिति	विवरण	भुक्तानी रकम	करको दर	कर रकम	कटी गरेको कर	नपुग कर
	समानिकण चालु					
२४८।०७६।११।११	चेतना सन्देश नेपाल	२०००००	१५	३००००	०	३००००
२४९।०७६।११।११	अपन मिथिला सेवा समाज नेपाल	४०००००	१५	६००००	५८८५	५४११५
४५३।०७७।०२।२५	प्रेरणा	४५००००	१५	६७५००	८६७४	५८८२६

१२२।०७६।०८।३०	चन्देश्वर साह	४००००	१५	६०००	४००	५६००
	जम्मा					१४८५४१

५७. **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१२३८२० समेत रु. १०७६२८१।५३ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । अत मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा ननफाइलरलाई भुक्तानी गरेको मु.अ.कर असुल हुनुपर्ने रु १२३८२०

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअ कर रकम	नन्फाइलर रहेको मिति
६३४।०७७।०३।३०	हरी स्पोर्टस जोन	६०७१९७२०६	९९९९३।७०	११५०३।७०	०७७।०३
७४।०७७।०१।०२	गंगा सप्लायर्स	३०४९६८०६८	४९०१६१।२३	५६३९०।२३	०७६।०४
१३०।०७७।०३।२६	लक्ष्मी इन्टरप्राइजेज	६०७८३१६१६	९९४४०	११४४०	०७७।०३
१५७।०७७।०३।३१	मनिरा व्याग	६०११८८९०९	९२८०४।६४	१०६७६।६४	२०७६।११
१७८।० ७ ०३।२९	सेवा केन्द्र मिडिया प्रालि	६०५९४९४२७	१०४८८६।०६	१२०६६।६०	०७७।०२
५२८।०७७।०३। ६	एभिन्युज नेट वर्क प्रालि		१८९०००	२१७४३	०७६।०४
	जम्मा		१०७६२८१।५३	१२३८२०।१७	

५८. **आर्थिक सहायता :** कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाउ दिंदै आएकोमा यो वर्ष पनि विभिन्न व्यक्ति तथा संस्थालाई रु ११२१२०० वितरण गरेको देखिदा यसमा नियन्त्रण हुनुपर्दछ । यससम्बन्धी केही व्यहोरा यस प्रकार छन । धर्म संस्कृति वापतको रकम रु ४३०००० संस्थालाई भुक्तानी गर्नु पर्नेमा विभिन्न व्यक्तिको नाममा भुक्तानी भएको छ। अन्य सहायता वापत एउटै व्यक्तिलाई उपचार गर्न भनी रु १००००० सम्म आर्थिक सहायता प्रदान गरेको देखिन्छ ।

५९. **अन्य निकायको खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) बमोजिम विनीयोजित बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा प्राप्त हुने रकम तोकिएको काममा मात्र खर्च गर्न सकिनेमा कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको सशस्त्र प्रहरी बल फरहदवाको गाडी मर्मत खर्च गो.भौ.न. २१४।०७६।१०।२९ वाट रु ८०००० तथा इलाका प्रहरी कार्यालय, हरिपुरको गाडी मर्मत वापत रु १५३०० इलाका प्रहरी कार्यालय हरिपुरलाई इन्धन वापत रु ३५००० भुक्तानी दिएको छ। सम्बन्धित कार्यालयमा पनि उपरोक्त खर्चको निम्ति वजेट विनियोजन हुनेहुदा दोहोरो भुक्तानी भएको छैन भन्न सकिएन । अत सो सम्बन्धमा यकिन गरी खर्चलाई नियमित गर्नुपर्ने देखिएको रु. १३०३००

६०. **सफ्वेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले जिन्सी व्यवस्थापन प्रणाली सफ्टवेयर रु २४८००० एवम

	राजस्व सम्बन्धी सफ्टवेयर रु २९८३२० मा खरिद गरी रु ५४६३२० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । जिन्सी व्यवस्थापन प्रणाली सम्वन्धी सफ्टवेयर खरिद गरेपनि हालसम्मपनि कार्यालयले प्रयोगमा ल्याएको देखिदैन ।	
६१.	**सचिवालय खर्चः** १२६।०७६।०९।११ र १२७।०७६।०९।११ नगरप्रमुखको सचिवालय र न्यायिक समितिको सचिवालयको निमित्त भनी विभिन्न विल भरपाई राखी क्रमश नगर प्रमुखले मासिक रु १५००० र उपमेयरले न्यायिक सचिवालय खर्च भनी रु १५००० गरी जम्मा रु ३६०००० भुक्तानी लिएको देखिन्छ। यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	
६२.	**न्यायिक समितिः** न्यायिक समितिले विभिन्न समयमा मेलमिलाप गराएवापत मेलमिलाप केन्द्र र न्यायिक समितिका पदाधिकारीहरुलाई ५३ वटा मुद्धा मेलमिलाप गराएको भनी नगरसभाको निर्णय वमोजिम खाना खर्च ३ जनालाई रु ४०० का दरले रु ६३६०० र यातायात खर्च रु ५०० का दरले ३ जनालाई रु ७९५०० गरी जम्मा रु १३५००० भुक्तानी गरेको छ। यसै गरी २०७६ फाल्गुण २३ देखि २०७७ असाढ १२ सम्म विभिन्न मितिमा न्यायिक समितले मुद्धा फैसला गरेवापत भनी न्यायिक समितिका ४ जना सदश्य सचिव सहितलाई १८ दिनको रु १००० प्रति दिनको दरले जम्मा रु ८१००० भुक्तानी गरेको छ। नगरपालिकाले न्यायिक समितिको कार्यविधि समेत नवनाएको अवस्थामा यसरी भत्ता भुक्तानी गर्ने आधार पेश हुनुपर्ने रु	२१६०००
६३.	**विवरण पेश हुनुपर्नेः** ४१३।०७७।०१।३१ सिअहेव राम नरेश ठाकुरले विशेष परिस्थितिमा लामखुटे मार्न औषधी किनेको र छर्न ज्याला समेत गरी रु ४६४८५० को पेश्की फछ्यौंट गरेकोमा कहा कति औषधी छर्केको सम्वन्धी विवरण पेश हुनुपर्ने रु	४६४८५०
६४.	**तालिम भत्ताः** १२८।०७६।०९।११ अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५ को परिच्छेद ७ खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि को ७.१.१ मा वैठक भत्ताको मापदण्डको सम्वन्धमा व्यवस्था गरेको छ। कार्यालय समय अघि वा पछी भएको वैठकमा मात्र भत्ता पाउने व्यवस्था छ भने एउटै निकाय र अन्तगर्तका पदाधिकारी तथा कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था छ। कार्यालयले जनशक्ति व्यवस्थापन विषयमा राजस्व प्रकृया तथा मालपोत रसिद काटने प्रविष्टी तालिम ०७६।०६।२९ र ६।३० मा २ दिन संचालन गर्दा पदाधिकारी २ जना र ३४ जना कर्मचारी गरी जम्मा ३६ जनालाई रु ४९००० भत्ता वितरण गरेको देखिन्छ। यसरी कानुनमै व्यवस्था नभएको वैठक भत्ता वापत भुक्तानी रकमको कट्टी गरेको कर वाहेकको रकम असुल हुनुपर्ने रु	४९०००
६५.	**नापीकिताव पेश हुनुपर्नेः** ४८६।०७७।०२।२९ नेपाल विधुत प्राधिकरणले पोल सार्ने कार्यको लागत अनुमान रु ३७७२२।८६ को पेश गरेकोमा लागत अनुमानकै आधारमा विधुत प्राधिकारणलाई रु ३७७२२।८६ भुक्तानी गरेको देखिन्छ। यस कार्यको काम सम्पन्न भए नभएको कार्य सम्पन्न प्रतिवेदन र नापी किताव पेश हुनुपर्ने रु	३७७२२
६६.	**उपभोक्ता समिति अध्यक्षलाई भुक्तानीः** ४८३।०७७।०२।२७ वडा न ७ ढुग्रेखोला स्थल निर्माण कार्य गर्दा ढुग्रेखोला स्थाल निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्नु पर्नेमा सो नगरी सोझै उपभोक्ता समितिको अध्यक्ष श्री वैधनाथ साहलाई रु ४७५६५ भुक्तानी गरेको देखिन्छ। यसरी उपभोक्ता समितिको अध्यक्षलाई भुक्तानी गरेको नियमिति हुनुपर्ने रु	४७५६५
६७.	**वितरण भरपाईः** २२३।०७६।११।०२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले	

<table>
<tr><td></td><td>मैनाली भेट फर्मावाट ०७६।०८।२३ मा रु ८० प्रति केजिको दरले १८७५ केजि जैघास रु १५०००० मा खरिद गरेको छ। खरिद गरेको जैघासको वितरणको भरपाई भने १४५० केजिको मात्र रहेकोले वाकि ४२५ केजि वितरणको भरपाई पेश हुनुपर्ने रु</td><td>३४०००</td></tr>
<tr><td>६८.</td><td>चाडपर्व खर्चः २५८।०७६।११।१२ नगरपालिकाले नया नियुक्ति भएका बिभिन्न १२ जना कर्मचारीलाई चाडपर्व खर्च भनी शिवरात्रीको अवसरमा रु ३५५४१० भुक्तानी गरेको छ। नियुक्ति पाएको ६ महिना नपुग्दै शिवरात्रीमा चाडपर्व खर्च लिएकोमा पुन २०७७।०७८ मा सोही पर्वमा चाडपर्व खर्च लिए नलिएको कार्यालयले एकिन गरी दोहोरो परेको भए असुल गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६९.</td><td>नगरसभा भत्ताः नगरपालिकाको पाचौ नगरसभा २०७६।११।१८ देखि २०७६।११।२१ सम्म संचालन भएकोमा नगरसभामा सहभागी भएवापत प्रमुख प्रशासकिय अधिकृत सहित ५१ जना नगर सभा सदस्यहरुलाई ४ दिनको प्रतिदिन रु १००० का दरले जम्मा रु २०४००० वैठक भत्ता वितरण गरेको छ। प्रदेश नं २ का स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन २०७५ ले सभाका सदस्यले अलग्गै भत्ता प्राप्त गर्न सक्ने व्यवस्था गरेको देखिदैन। अत नगरसभामा सहभागी सदस्यलाई भत्ता वितरण गर्न पाउने अन्य अधार भए प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>२०४०००</td></tr>
<tr><td>७०.</td><td>यसै गरी नगरसभामा कार्यपत्र निर्माण र प्रस्तुतिकरण तथा व्यवस्थापनमा सहयोग गरे वापत विभिन्न कर्मचारीलाई प्रतिदिन रु १००० का दरले ७ कर्मचारीलाई ४ दिनको रु २८००० भुक्तानी गरेको देखिन्छ। अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५ को परिच्छेद ७ खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि को ७.१.१ मा वैठक भत्ताको मापदण्डको सम्वन्धमा व्यवस्था गरेको छ। कार्यालय समय अघि वा पछी भएको वैठकमा मात्र भत्ता पाउने व्यवस्था छ भने एउटै निकाय र अन्तगर्तका पदाधिकारी तथा कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था छ। अत कार्यालय समयमा कार्यालयका कर्मचारीहरुमात्र सहभागी वैठकमा सहभागी भएवापत वितरण गरेको निम्म वमोजिमको भत्ता रु २८००० को करकटी गरी वाकि रकम असुल हुनुपर्ने रू
<table>
<tr><th>नाम</th><th>दिन</th><th>दर</th><th>जम्मा</th><th>करकटी</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>भुपेन्द्र कुमार सिंह</td><td>४</td><td>१०००</td><td>४०००</td><td>६००</td><td>३४००</td></tr>
<tr><td>रुपलाल देवकोटा</td><td>४</td><td>१०००</td><td>४०००</td><td>६००</td><td>३४००</td></tr>
<tr><td>अशेश्वर साह</td><td>४</td><td>१०००</td><td>४०००</td><td>६००</td><td>३४००</td></tr>
<tr><td>वैकुण्ठ प्रसाद सापकोटा</td><td>४</td><td>१०००</td><td>४०००</td><td>६००</td><td>३४००</td></tr>
<tr><td>नागेश्वर राय</td><td>४</td><td>१०००</td><td>४०००</td><td>६००</td><td>३४००</td></tr>
<tr><td>रामदेभ चौ री</td><td>४</td><td>१०००</td><td>४०००</td><td>६००</td><td>३४००</td></tr>
<tr><td>महेश खनाल</td><td>४</td><td>१०००</td><td>४०००</td><td>६००</td><td>३४००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२८०००</td><td>४२००</td><td>२३८००</td></tr>
</table></td><td>२३८००</td></tr>
<tr><td>७१.</td><td>कार्यपालिका वैठक भत्ताः कार्यपालिकाको निर्णय अनुसार भनी विभिन्न मितिमा कार्यपालिकाको वैठक वसे वापत विभिन्न मितिमा वैठक भत्ता भुक्तानी भएको देखिन्छ। ३८८।०७७।०१।२४ मा २० जना कार्यपालिका सदश्यलाई कार्तिकदेखि चैत्रसम्मको कार्यपालिका वैठक भत्ता रकम रु २९९००० भुक्तानी भएको देखिन्छ। यसरी कार्यपालिका सदश्यलाई कार्यपालिका वैठक वसेवापत अलग्गै भत्ता वितरण गरेकोले सो को आधार प्रमाण भए पेस गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>२९९०००</td></tr>
<tr><td>७२.</td><td>वडा वैठक भत्ताः कार्यपालिकाको निर्णय अनुसार भनी विभिन्न मितिमा वडा समितिको वैठक वसे वापत वैठक भत्ता भुक्तानी भएको देखिन्छ। स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्वन्धी ऐनमा वडा समितिको वैठकको निम्ति अलग्गै भत्ताको व्यवस्था गरेको छैन। तर नगरपालिकाले वडा वैठक भत्ता वापत २९३।२०७७।०१।२९ मा रु ३२४००० र</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>४८४।०७६।०२।२९ मा रु १०८००० भुक्तानी भएको देखिन्छ। अत वडा समितिको वैठक गरेवापत अलग्गै वैठक भत्ता वितरण गर्न सक्ने प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>४३२०००</td></tr>
<tr><td>७३.</td><td>सुत्रको तालिम भत्ताः अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५ को परिच्छेद ७ खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि को ७.१.१ मा वैठक भत्ताको मापदण्डको सम्वन्धमा व्यवस्था गरेको छ। कार्यालय समय अघि वा पछी भएको वैठकमा मात्र भत्ता पाउने व्यवस्था छ भने एउटै निकाय र अन्तगर्तका पदाधिकारी तथा कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था छ। नगरपालिकाले ५ दिने सुत्र सम्वन्धी तालिम सम्पन्न गरेको भनी तालिममा सहभागीलाई तालिम भत्ता वितरण गरेको छ। मुख्य प्रशिक्षक श्री राजेन्द्र कुमार कार्कीलाई प्रति दिन रु ८००० र नगरपालिकाका कर्मचारीलाई तालिममा सहभागी भएको भनी रु ५००० देखि रु ८००० सम्म सहभागी भत्ता भुक्तानी गरेको छ। अत कर्मचारीहरुलाई कानुनमै व्यवस्था नभएको भत्ता वित्तरण गरेको रकम कर कटी वाहेक असुल हुनुपर्ने रु
<table>
<tr><th>कर्मचारीको नाम</th><th>दिन</th><th>दर</th><th>रकम</th><th>करकटी</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>उदय प्रसाद देवकोटा</td><td>५</td><td>८०००</td><td>४००००</td><td>६०००</td><td>३४०००</td></tr>
<tr><td>वैकुण्ठ सापकोटा</td><td>५</td><td>५०००</td><td>२५०००</td><td>३७५०</td><td>२१२५०</td></tr>
<tr><td>राजिव महत्तो</td><td>५</td><td>८०००</td><td>२५०००</td><td>३७५०</td><td>२१२५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९००००</td><td>१३५००</td><td>७६५००</td></tr>
</table></td><td>७६५००</td></tr>
<tr><td>७४.</td><td>दोहोरो भौचर ४९६।०७६।०२।३२ नगरपालिकाले कतिपय खर्चको भुक्तानी गर्दा एक पटक भौचर उठाई चेक जारी गरीसकेको अवस्थामा समेत चेकलाई रद्ध गरी पुन खर्चको भौचर उठाई अर्को वैकको चेक जारी गरेको देखिन्छ। नम्वर प्र २०३००१ झ को गाडी मर्मत गर्न भनी भौचर न.३२० वाट रु १४९५५ एम ए डव्लु रिद्धि कमर्सियललाई भुक्तानी गरेकोमा पुन ०७७।०२।३२ मा ४९६ मा भौचर उठाई पुरानो चेक रद्धगरी नया रु १४९५५ को चेक जारी गरेको देखिन्छ। यसरी कतिपय भौचरमा रिभर्स भौचरनै नउठाई पुन अर्को भौचर उठाएर नया चेक जारी गर्दा दोहोरो खर्च लेखाकंन भएन भन्न सकिएन। जसलेगर्दा खर्च र वैक नगदी किताव भिडान हुन सकेको छैन। अतः यस्ता कार्यवाट दोहोरो भूक्तानी भएको छैन भनी कार्यालयवाट एकिन गरि तत्काल नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७५.</td><td>कर दाखिलाः नगरपालिकाले भुक्तानीमा कटी गरेको कर वहाल कर, सासु कर एवम मुअकर भुक्तानी भएको अर्को महिनाको २५ गते भित्र वुझाउनु पर्ने व्यावस्था छ। तर ५१६।०७७।०३।०७ मा मु.अ.कर दाखिला भनी रु ४८८७३ एवम ५१८।०७७।०३।०७ मा सा.सु.कर, वहाल कर र आयकर कटी रकम दाखिला गरेको भनी रु १०७३३४७।९१ वैक नगदी किताबमा प्रविष्टि गरेको दखिन्छ। तर यस सम्वन्धमा राजस्व दाखिला गरेको वैक भौचर पेश नभएकोले राजस्व दाखिलाको भौचर पेश हुनुपर्ने अन्यथा असुल गरी राजस्व दाखिला हुनपर्ने रु</td><td>११२२२२१</td></tr>
<tr><td>७६.</td><td>विवरणः ५२५।०७७।०३।०९ नगरपालिकाले ०७६।०७७ को सूचना सन्देश स्वास्थ्य शाखाको स्वास्थ्य कार्यक्रम प्रसारण गरेवापत भनी रु ३२४४२।३० भुक्तानी गरेको देखिन्छ। कुन कुन सुचना कैले कैले प्रसारण भएको र के कस्तो कार्यक्रम प्रसारण भएको भन्ने विवरण पेश भएको देखिदैन भने कार्यालय प्रमुखको हस्ताक्षरविनै नगरप्रमुखको लिखित आदेशमा भुक्तानी भएको देखिन्छ। अत यस सम्वन्धमा कार्यक्रम प्रसारण भएको एकिन गर्ने विवरण पेश हुनुपर्ने रु</td><td>३२४४२</td></tr>
<tr><td>७६.१.</td><td>५२६।०७७।०३।०९ विभिन्न समयमा सुचना प्रकासन गरेपावत भनी सामुदायिक रेडियो एकता लाई सम्झौता गरी रु २४७२०० भुक्तानी गरेको देखिन्छ। तर यससम्वन्धमा कहिले कुन सुचना प्रसारण गरेको विवरण उपलव्ध नभएकोले विवरण पेश हुनुपर्ने रु</td><td>२४७२००</td></tr>
</table>

७७.	**अभिमुखिकरण तालिमः** ६२१।०७७।०३।२९ नगरसभा सदश्यको काम कर्तव्य र अधिकार सम्वन्धी ३ दिने अभिमुखिकरणमा ५० जना नगरसभा सदश्यले रु ३००० का दरले तालिम भत्ता भुक्तानी भएको देखिन्छ। यसरी नगरसभा सदश्यलाई अभिमुखिकरण तालिममा भत्तादिन सक्ने कानुनी प्रमाण भए पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	१५००००
७८.	**कम्प्युटर तालिमः** ६५१।०७७।०३।३१ नगरपालिकाले किशोरीहरुलाई कम्प्युटर तालिम दिएको भनी सिप विकास समितिलाई रु ३४३९५ भुक्तानी गरेको छ। तर सो तालिम कैले कहा संचालन भएको एवम सहभागीको नामावली तालिमको फोटो प्रमाणपत्र लगायत तालिम सम्वन्धी कुनै बिबरण उपलव्ध हुन नसकेकोले यस सम्वन्धी एकिन गर्ने प्रमाण पेश हुनुपर्ने रु	३४३९५
७९.	**फरक शिर्षकः** १७५।०७६।१०।०८ वोलपत्र आव्हान टेण्डर खरिद सूचना अनुसार खरिद गरेको टेण्डर रकम ४२ निर्माण कम्पनीले रु १२६००० फिर्ता गर्दा विविधवाट भुक्तानी भएको र फिर्ताको कच्चेवारी समेत पेश नभएकोले नियमित नभएको रु	१२६०००
८०.	**प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी रोजगारी उपलव्ध गराउन रु ५२८००० निकासा भएकोमा तलवमा रु ४६७८७० एवम कार्यालय संचालन खर्चमा रु ४३३४० र विविधमा रु १०००० गरी रु ५२१२१० मात्र खर्च भएको देखिन्छ। यसले लक्षित वर्गमा अल्पकालीन दिर्घकालिन कुनैप्रकारको रोजगारी सृर्जना भएको देखिंदैन। यसरी समयमै कार्यक्रम संचालन गरी रोजगारी उपलब्ध गराउनु पर्नेमा वर्षभरी कुनै कार्यक्रम संचालन नगरी तलव भत्ता वितरणमा र कार्यालय संचालनमा मात्र खर्च गरिनुले अपेक्षित लक्ष्य हासिल हुन सकेको देखिदैन। तलव भत्तामा समेत भुक्तानी भएको रकमको सम्झौता र यसको नविकरण भएको प्रमाण पेश हुन सकेन। कामका लागि पारिश्रमिकमा आधारित कार्यक्रमका लागि रु १० लाख बजेट विनियोजन भएकोमा ज्याला रकम रु ७४४४८० निर्माण सामाग्री खरिद रु १४२०७८।४६ र हाते औजार खरिदमा रु २८३६६ गरी जम्मा रु ९१४९२५ खर्च भएको देखिन्छ। तर ज्याला भुक्तानी बैक खाता मार्फत गर्नु पर्नेमा नगदमै समेत भुक्तानी भएको कन्टिन्जेन्सी कटी नगरेको र कृषि कुलो मर्मत तथा सम्भार कार्य गरेको भनियपनि वार्षिक प्रगति प्रतिवेदन पेश भएको देखिदैन। कार्यक्रमका तस्विर समेत पेश भएको छैन।	
	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (चालु)	
	वहुक्षेत्रिय पोषण तर्फः	
८१.	**पोषण भत्ताः** १।०७७।०३।२५ र ३।०७७।०३।३१ नगरपालिकाले वर्थिंग सेन्टरहरु स्वास्थ्य चौकी लक्ष्मीपुर र प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरलाई सुत्केरी भत्ता वितरण गर्न क्रमश रु २४४००० र रु २६०००० पेश्कीको रुपमा भुक्तानी गरेपनि खर्च लेखेको देखिन्छ। साथै दुवै स्वास्थ्य संस्थाले सुत्केरी भत्ता हालसम्म के कति वितरण गरे नगरेको भरपाई समेत पेश हुन सकेन। यसरी खर्च लेखेको सुत्केरी भत्ता ८ महिनासम्म समेत वितरण गरेको भरपाई पेश हुन नसकेकोले खर्च लेखेको नियमित मान्न सकिएन। अत बितरणको भरपाई पेस हुनुपर्ने रू	५०४०००
८२.	**वहुक्षेत्रिय पोषण कार्यक्रमः** १७३।०३।३१ नगरपालिकाले सुत्केरी महिलालाई घ्यु वितरण गर्न ५०० ग्राम को ५०० वटा घ्युको वट्टा प्रति वट्टा रु ६०० का दरले खरिद गरेको भनी वेष्ट हेल्थ केयर प्रालिलाई रु ३००००० भुक्तानी गरेको छ। २ वर्थिग सेन्टर क्रमश स्वास्थ्य चौकी	

	लक्ष्मीपुरलाई १६४ वटा र प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरलाई १५५ वटा गरी जम्मा ३१९ वटा घ्युका वट्टाहरु हस्तान्तरण गरेको फाराम संलग्न भएको देखिन्छ। यसर्थ वाकी १८१ वटा भने हालसम्मपनि हस्तान्तरण नगरी कार्यालयमै रहेको भनी जानकारी प्राप्त भयो। हस्तान्तरण गरिएको वर्थिंग सेन्टरले पेश गरेको भरपाईमा समेत २०७७ कार्तिकदेखि मात्र विभिन्न मितिमा घ्यु वितरण गरेको देखिन्छ। यसर्थ वितरण गर्न वाकि रहेको घ्यु खरिद गरेको ८ महिना भन्दा वढी समय भएकोले उपभोग गर्ने म्यादनै समाप्त भएको हुन सक्ने तथा प्रयोग विहिन अवस्थामा रहने भएकोले खरिद गर्ने पदाधिकारीलाई जिम्मेबारी बनाईनु पर्ने रु	१०८६००
८३.	**व्याग खरिद**ः१७४।०३।३१ नमन ट्रेडर्सवाट कोटेसनको आधारमा ४०८ थान व्याग जम्मा रु ३००१३७।०४ मा खरिद गरेको भनी भुक्तानी भएको देखिन्छ। खरिद गरिएका झोलाहरु हालसम्मपनि वितरण नगरी स्टोरमै थन्काएर राखिएको अवस्था देखियो। यसरी वर्षान्तमै खरिद गर्नु पर्ने र खरिद गरिएको झोला हालसम्मपनि वितरण नगरिनुको कारण पेश हुनुपर्ने एवम आवस्यकता बेगर खरिद गर्ने पदाधिकारीलाई जिम्मेबार बनाई बितरणको भरपाई पेस हुनुपर्ने रू	३००१३७
८४.	**सम्झौताः** नगरपालिकाले वहुक्षेत्रिय पोषण कार्यक्रमको निम्ति नागेन्द्र रायलाई मासिक रु १५००० का दरले दशै खर्च सहित रु १९५००० भुक्तानी गरेको छ। निजको चैत्रदेखि असारसम्मको सम्झौता नविकरण भएको देखिएन। यसरी करार सेवा सम्झौता नविकरणनै नगरी भुक्तानी गरेको रु ६०००० नियमित देखिएन। अत सम्झौता पेस गरी नियमित हुनुपर्ने रू	६००००
८५.	**ढुवानी खर्चः** १७६।०७६।०३।३१ सम्झौता वमोजिम २० पटक ढुवानी गरेको भनी रु ८०००० मध्ये रु ७५००० सुनिल कुमार दासलाई भुक्तानी गरेको देखिन्छ। कुन सामान कैले कैले कहादेखि कहासम्म ढुवानी गरेको हो र कुन प्रयोजनको निम्ति खरिद गरेको हो कुनै विवरण संलग्न भएको देखिएन। अतः ढुवानीको विवरण र प्रयोजन वेगरको खर्च असुल हुनुपर्ने रु	७५०००
	तराई मधेश समृद्धि कार्यक्रमः	
८६.	**ठेक्का फाइलः** २।०७७।०२।२६ महाविर जनता वहुमुखी क्याम्पसको पूर्वाधार निर्माण अन्तर्गत दिप निर्माण सेवालाई प्रथम रनिग विलको रु १७९९९७६।९८ भुक्तानी गरेको छ भने भौ.न. ५।०७७।०३।२९ मा दोस्रो रनिग विलको रु ११४९६८३।१८ भुक्तानी गरेको देखिन्छ। यससम्वन्धी ठेक्का फाइल पेश हुन सकेन। साथै राष्टिय दैनिकमा सुचना प्रकासन भनेपनि प्रकासन गरेको प्रमाण पेश हुन सकेन। कर विजकमा समेत केरमेट गरेको देखिन्छ भने दोस्रो रनिग विलमा समेत हस्ताक्षर विनाकै कर विजक पेश भएको देखिन्छ। दुवै रनिग विलमा विधालयको तर्फवाट हस्ताक्षर सहितको सिफारिस पत्र समेत संलग्न भएको देखिदैन। अत यस सम्वन्धी ठेक्का फाइल पेश हुनुपर्ने रु	२९४९६६०
८७.	**फिर्ता हुनुपर्ने** ८।०७७।०३।३१ तराई मधेश समृद्धि कार्यक्रमवाट प्राप्त अनुदानमा खर्च भई वाकी वजेट सम्वन्धित सरकारलाई फिर्ता गर्नु पर्दछ। यस नगरपालिकाले तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत वाड न २ मा अवस्थित महाविर जनता वहुमुखी क्याम्पसको पूर्वाधार निर्माणको निम्ति रु ४०००००० बजेट विनियोजन गरेको देखिन्छ। यस निर्माण कार्यको खरिद प्रकृयामा जादा रु ४२१५९४१ को निम्ति वोलपत्र आव्हान गरेकोमा दिप निर्माण सेवाले रु ३०८९८६३।९५ मै स्विकार गरी कार्य सम्पन्न भएको भनी भुक्तानी गरेको देखिन्छ। यस कार्य प्राप्त अनुदानभन्दा कममै सम्पन्न भएको भनी सोही भवनमा पून पर्खाल झ्याल ढोका निर्माण गरेको भनी केही थान विल संलग्न गरी खरिद प्रकृयामा समेत नगई सोझै वर्षान्तमा क्याम्पसको खातामा वाकी रकम रु १००४२७५ जम्मा गरेको देखिन्छ। नापी किताव समेत पेश भएको छैन। यसरी सशर्त अनुदानमा प्राप्त रकम फिर्ता हुनुपर्नेमा खरिद प्रकृया समेत अवलम्वन नगरी सोझै क्याम्पसको	

	खातामा निकासा भएको छ। अत सो रकम फिर्ता गरी फ्रिज खातामा दाखिला हुनुपर्ने रू	१००४२७५
८७.१.	**फ्रिज हुनुपर्ने** साथै तराई मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका २०७५ संसोधन २०७६।०४।१५ को दफा ५ मा लागत साझेदारिता सम्वन्धी व्यवस्था अनुसार तराई मधेश समृद्धि कार्यक्रमले ९० प्रतिशत तथा स्थानिय तहको १० प्रतिशत लागत सहभागितामा आयोजना संचालन गरिने उल्लेख छ। अत स्थानियको १० प्रतिशत रकम लागत साझेदारिता गरेको नदेखिएकोले संघिय राजस्व खातामा दाखिला हुनुपर्ने रु	३४३३१८
	स्वास्थ्य तर्फ	
८८.	नगरपालिकामा स्वस्थ्य तर्फ ३५ जनाको दरवन्दी रहेकोमा ५८ जना कार्यरत रहेकाले २३ जना कर्मचारी फाजिलमा रहेको देखिन्छ। निजामती सेवा ऐन, २०४९ को दफा ६(खर) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले स्वास्थ्य तर्फका कर्मचारीको तलवी प्रतिवेदन पारित नभएकोले तलव, ग्रेड र प्राविधिक छुट ग्रेडको भुक्तानी भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ ।	
८९.	**आमा सुरक्षा कार्यक्रमः** २५।०७६।०८।०५ आमा सुरक्षा कार्यक्रम अन्तगर्त आव २०७५।०७६ को खर्च रु २०५००० म.ले.प.फा.न. १८ प्रमाणित वेगर भुक्तानी गरेको नियमित नभएको रु	२०५०००
९०.	**सेनिटरी प्याडः** सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन शिलबन्दी दरभाउपत्रको माध्यमबाट छनौट गरेको भनी लाइफो ल्यावलाई गो.भौ.नं. १७१।०७७।०३।३१ बाट प्रति सेनिटरी प्याड रु. २६।३३ (मूअकर वाहेक) का दरले ४५९४६ प्याकेटको रु.१३६७००० (मू.अ.कर समेत) भुक्तानी गरिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
९०.१.	**लागत अनुमान तयार नगरी खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गरेको कुनै आधार खुलाएको छैन । नियमावलीमा भएका व्यवस्थाहरुको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नुपर्दछ । साथै राष्टिय स्तरको दैनिक पत्रिकामा सुचना प्रकासन गरेको कागजात समेत पेश हुन सकेन।	
९०.२.	**वितरण नगरेको :** कार्यालयले लाइफो ल्याबबाट रु. १३६७००० मा खरिद गरेका ४५९४६ थान सेनिटरी प्याड मिति २०७७।३।३१ मा खरिद गरेकोमा लक्षित लाभग्राही सामुदायक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई २०७६ आस्विनमा वितरण गरेको भनी ४५७२० थानको वितरण भरपाई संलग्न गरेको छ । कोभिडको कारण चैत्र ११ वाट विधालयनै वन्द रहेको	

वखतसमेत खरिद गर्न आवस्यक नरहेकोले अनावस्यक व्ययभार वढेको देखिन्छ। साथै वाकी २२६ थान वितरणको भरपाई संलग्न देखिएन भने स्टोरमा मौज्दात राखेकोसमेत पाइयन। सेनिटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी समयमै वितरण गर्नु पर्दछ। वितरणको भरपाई नभएको र भण्डारमा मौज्दात समेत नरहेको २२६ थान सेनेटरी प्याडको रकम असुल हुनुपर्ने रु ६७२४

९०.३. **स्पेशिफिकेशन उल्लेख नगरेको :** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २० मा स्थानीय तहले सेनिटरी प्याड प्रयोग गर्ने छात्राहरुको स्वास्थ्यमा असर नपुग्ने र उक्त सामाग्रीको गुणस्तरमा कुनै पनि सम्झौता नहुने अवस्थाको सुनिश्चितता गर्नुपर्ने उल्लेख छ । कार्यालयले आपूर्ती भएका सेनिटरी प्याड स्पेशिफिकेसन बमोजिम भए नभएको निरिक्षण परीक्षण गरेको छैन ।

विधालय निकाशा तर्फः १५ वटा विधालय र ५ वटा मदरसा रहेकोमा नमुना छनोटको आधारमा २ विधालय महाविर मावि र इन्द्रपुर जनता प्रावि छनोट गरी नमुना परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छ।

९१. **निःशुल्क पाठ्यपुस्तकः** कार्यालयले निःशुल्क पाठ्यपुस्तक खरिदको लागि विभिन्न समयमा विद्यालयलाई अनुदान रकम निकासा गरेको छ। महाविर मा.वि.को कक्षा ६ को इमिस विवरणमा जम्मा विधार्थी संख्या १६३ रहेपनि पाठ्यपुस्तक वितरणको भरपाई भने १८८ जनाको ल्याप्चे भरपाईमात्र संलग्न भएको देखिन्छ। अत इमिसमा उल्लेख भएको संख्या भन्दा वढी विधार्थीसंख्या २५ जनालाई निशुल्क पाठ्यपुस्तक भुक्तानी भएकोले रु ९८२०४ वढी निकाशा भएको देखिन्छ। यसै गरी इन्द्रपुर जनता प्रा.वि.लाई पाठ्यपुस्तक वापत रु ५२२१८ निकासा भएकोमा वितरणको विल भरपाई रु ४८९३३ मात्र रहेकोले रु ३२८५ वढी निकासा भएको देखिन्छ। यस सम्वन्धी अन्य विद्यालयको समेत वढी निकासा भएको विवरण माग्दा निम्नानुसार रु ७४४७६१ वढी निकासा भएको विवरण प्राप्त भएको छ। अत वढी निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असुल हुनुपर्ने र विवरण प्राप्त नभएको र पाठ्यपुस्तक वापतको सवै निकासाको सम्वन्धमा नगरपालिकाले छानविन गरी वितरण रकम एकिन गरी वढि निकासा भएको सवै विधालयको रकम असुल गर्नुपर्दछ । अत निम्नानुसार बढी निकासा असुल गरी फ्रिज खातामा दाखिला हुनुपर्ने रु ७४४७६१

क्रसं	विधालयको नाम	पहिलो निकासा	अन्तिम निकासा	जम्मा निकासा	वितरणको भरपाई	वढी निकासा
१	हरिहर जनता मावि	१३८२५४	४६०८४	१८४३३८	१३८२५३	४६०८५
२	पाच कुमार मावि	२७४९९६	१२९८६५	४०४८६१	३८११५८	२३७०३
३	महाविर जनता मावि	६०७९३३	३०५६४४	९१३५७७	८१५३७३	९८२०४
४	जनता आधारभुत वि. सखुवा	३३०७४	४४९३८	७८०१२	७८०१२	०
५	जनता प्रावि जगतपुर	२८८८१	९६२६	३८५०७	३०१९६	८३११
६	जनकल्याण प्रा वि	२५०५९	८३५२	३३४११	भरपाई पेश नभएको	एकिन गर्नु पर्ने
७	श्रवण जनता प्रावि	४४६५४	१४८८४	५९५३८	६३०१९	०
८	लक्ष्मिनाथ जनता प्रावि	८१४४८	२७१४९	१०८५९७	९८२९०	१०३०७
९	सार्वजनिक आधारभुत वि.	२९२६५५	१३१८०१	४२४४५६	४३०९६३	०
१०	आधारभुत मजुर्वा	९८९९१	५०६८३	१४९६७४	१७४४०१	०
११	जनता आ. वि. फरहदवा	२१७०१०	८८७७६	३०५७८६	०	३०५७८६
१२	जनता मा वि हरैया	३३७०४९	१४१५४९	४७८५९८	३४८९४२	१२९६५६
१३	रामलगन मावि पिडारी	३३२७६१	१४२९२०	४७५६८१	३५८८७७	११६८०४
१४	जनता प्रा वि ढावटोल	१००९४७	३३६४९	१३४५९६	१३१९७६	२६२०
१५	इन्द्रपुर जनता प्रावि	१४६८८	३७५३०	५२२१८	४८९३३	३२८५
	जम्मा	२६२८४००	१२१३४५०	३८४१८५०	३०९८३९३	७४४७६१

९१.१. जनकल्याण प्रा. वि. को भरपाई पेश नभएकोले कार्यालयले एकिन गरी बढी निकासा भएको भए फिर्ता गर्नुपर्ने र भरपाई पेश हुनुपर्ने रू ३३४११

९२. **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) :** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७६।७७) मा **EMIS** मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा **Book Corner** व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले **EMIS** मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम **EMIS** डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ । कार्यालयले उपलव्ध गरेको विवरण अनुसार विभिन्न शिर्षकमा निकासा भएको अनुदान खर्च नभई वचतनै रहेको देखिएकोले कार्यालयले यस सम्वन्धमा अनुगमन गरी वढी निकासा भए नभएको एकिन गर्नु पर्दछ।

९३. **दिवा खाजा :** कार्यालयले दिवा खाजा कार्यक्रम संचालनका लागि रु ५७२६४०० खर्च लेखेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

९३.१. **बढी निकासा :** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७६।७७) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले **EMIS** को तथ्याङ्कलाई विद्यार्थी दैनिक हाजिरी पुस्तिका संग सत्यापन नगराई विद्यालयहरुलाई रु.५७२६४०० दिवा खाजावापत निकासा गरेको देखिन्छ। श्री महाविर मा.वि.लाई दिवा खाजा रु ४९६८०० निकासा भएकोमा रु १५६८५५ को मात्र दिवा खाजा वितरणको विल भरपाई संलग्न भएको देखियो भने इन्द्रपुर जनता प्रा.वि.को रु १४४००० निकासा भएकोमा रु ७९८१० मात्र खर्च भएको विल भरपाई संलग्न भएको देखिन्छ। अन्य विधालयलाई समेत दिवा खाजा वढी निकासा भएको विवरण माग गर्दा निम्नानुसार ८ बिद्यालयको जम्मा रु १०५०५४५ वढी निकासा भएको देखियो । अत बढी निकासा रकम असुल गरी फ्रिज खातामा दाखिला हुनुपर्ने रू १०५०५४५

क्रस	विधालयको नाम	निकासा रकम	खर्च रकम	बढी निकासा	कैफियत
१	हरिहर जनता मावि	१८८४००	१९३०६०	०	
२	पाच कुमार मावि	२४९६००	९३६००	१५६०००	
३	महाविर जनता मावि	४९६८००	१५६८५५	३३९९४५	
४	जनता आधारभुत विधालय सखुवा	१९३२००	४२०५३५	०	
५	जनता प्रावि जगतपुर	१५४८००	१५४८००	०	
६	जनकल्याण प्रा वि	१७०४००			विवरण पेश नभएकोले एकिन गर्न नसकिएको

७	श्रवण जनता प्रावि	२७००००	२४६०००	२४०००	
८	लक्ष्मिनाथ जनता प्रावि	४००८००	४००८९५	०	
९	सार्वजनिक आधारभुत विधालय	६८८८००	५२५२१०	१६३५९०	
१०	आधारभुत मजुर्वा	४८७२००	४२०५३५	६६६६५	
११	जनता आधारभुत विधालय फरहदवा	६७६८००			विवरण पेश नभएकोले एकिन गर्न नसकिएको
१२	जनता मा वि हरैया	५१९६००	३७९११०	१४०४९०	
१३	रामलगन मावि पिडारी	६५४०००	६५४०००	०	
१४	जनता प्रा वि ढावटोल	४३२०००	३३६३३५	९५६६५	
१५	इन्द्रपुर जनता प्रावि	१४४०००	७९८१०	६४१९०	
	जम्मा	५७२६४००	४०६०७४५	१०५०५४५	

९३.२.	जनकल्याण प्रा.वि.लाई रु १७०४०० र जनता आधारभुत विद्यालय फरहदवालाई रु ६७६८०० दिवा खाजा वापत निकासा भएकोमा खर्चको विवरण पेश नभएको भनी उल्लेख गरेको छ। अत रु ८४७२०० को खर्चको विलभरपाई र हाजिरी विवरण पेश हुनुपर्ने रू	८४७२००
९४.	यस वर्ष शिक्षा तर्फ १५ विधालयतर्फ प्रथम दोस्रो र तेस्रो चौमासिक गरी जम्मा रु. ५५२४५८९२ तलव खर्च निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन्:	
९४.१.	**तलवी प्रतिवेदनः** शिक्षक कितावखानाबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव खर्च लेख्नुपर्नेमा तलवी प्रतिवेदन पारित नगराई विद्यालयलाई शिक्षकहरुको तलव वापत निकासा दिएको पाइयो । तलवी प्रतिवेदन पारित नगराइ तलव भत्ता निकासा गरेकोले ग्रेड रकम भिडान गर्न सकिएन । साथै इमिसमा समेत शिक्षकको विवरण अधावधिक भएको देखिएन। अत तलवी प्रतिवेदन पारित गराएर मात्र तलव निकासा दिनुपर्दछ भने विधालयले शिक्षकको विवरण वार्षिक रुपमा अधावधिक गरिनु पर्दछ।	
९४.२.	**बढी निकासाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पेस गरेको विवरण अनुसार जनता मा.वि. हरैयालाई शिक्षकको तलवको निम्ति रु ४६३५८१३ निकासा गरेकोमा रु ४५४२५९९।५० मात्र तलव भत्ता वापत भुक्तानी गरेको पत्र प्रास भएको छ। यसले गर्दा रु ९३२१४ वढी निकासा भएको देखिन्छ। अत कार्यालयले निम्नानुसार विद्यालयलाई निकासा गरेकोमा अधिकांस विधालयले तलव भत्ता वितरण गरेको विवरण पेश गरेको छैन ।अत आवस्यक अनुगमन गरी वढी निकाशा भए असुल गर्नु पर्दछ । जनता मा.वि. हरैयाबाट असुल हुनुपर्ने रु	९३२१४

क्रसं	विधालयको नाम	प्रथम चौमासिक	दोस्रो चौमासिक	अन्तिम चौमासिक	छुट निकासा	जम्मा निकासा
१	हरिहर जनता मावि	१५५४०२६	११४५१८०	२८६५५१	९३९९७५	३९२५७३२
२	पाच कुमार मावि	१७२९५१५	१४१३७५३	३५३४३९	११५९५३८	४६५६२४५
३	महाविर जनता मावि	५७६८२६९	४६५३०७८	११६३३८३	३७३१६७८	१५३१६४०८
४	जनता आधारभुत विधालय सखुवा	८७९०००	७१९३५५	१७९८३९	६१३०४२	२३९१२३६
५	जनता प्रावि जगतपुर	५२७७३६	४२६०४०	१०६५१०	३६३२१५	१४२३५०१
६	जनकल्याण प्रा वि	२२१८५०	१७९२४०	४४८१०	१७०१६९	६१६०६९
७	श्रवण जनता प्रावि	८८७५४७	७०२४६६	१७५६१७	५९१२२७	२३५६८५७
८	लक्ष्मिनाथ जनता प्रावि	९६८४४९	७९४६५४	१९८६६४	६७२७९१	२६३४५५८
९	सार्वजनिक आधारभुत विधालय	८५४५९०	६६१२३७	१६२४३५	५३९३५०	२२१७६१२
१०	आधारभुत मजुर्वा	८४७४०४	६९१५६४	१७२८९१	५८९५८८	२३०१४४७
११	जनता आधारभुत विधालय फरहदवा	९३४२६६	८१८७७९	१९१९१४	६४२८२५	२५८७७८४
१२	जनता मा वि हरैया	१६७२८९९	१४१७३०४	३५४३२६	११९१२८४	४६३५८१३
१३	रामलगन मावि पिडारी	२१५८६६२	१७५१३१८	४३७८३०	१४५२३६१	५८००१७१
१४	जनता प्रा वि ढावटोल	१४७५४६५	११२२०१३	२८०५०४	९२०९२७	३७९८९०९
१५	इन्द्रपुर जनता प्रावि	२१३१३६	१७५२९६	४३८२४	१५१२९४	५८३५५०
	जम्मा	**२०६९२८१४**	**१६६७१२७७**	**४१५२५३७**	**१३७२९२६४**	**५५२४५८९२**

९४.३.	नगरपालिका कार्यालयले नगर भित्र रहेका विद्यालयहरुको स्वीकृत दरवन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन । कार्यालयले विद्यालयबाट पेश गरेको माग फारमलाई मात्र आधार लिइ तलव निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनुपर्दछ ।	
९५.	**छात्रवृत्ति अनुदानः**-१२२।०७७।०३।२४ आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । त्यस्तै शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ अनुसार आवासिय छात्रबृत्ति, दलित छात्र छात्रा र विद्यालयमा अध्ययनरत छात्रा छात्रवृत्ति लगायतका छात्रवृत्ति रकम विद्यालयगत विद्यार्थी लगतको आधारमा स्थानीय तहले विद्यालयहरुको खातामा निकासा दिने र विद्यालयहरुले नाम नामेसी अनुसार भरपाई बनाई वितरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष छात्रवृत्ति वितरणको लागि १५ विद्यालयहरुलाई कक्षा १ देखि ८ सम्मको छात्रा, दलित समेतको लागि रु २०३७६०० निकासा दिएको छ । प्रति विद्यार्थि रु ४००।०० का दरले वितरण गर्नुपर्ने छात्रवृद्धि विद्यालयहरुले सम्बन्धित विद्यार्थीहरुलाई वितरण गरे वा नगरेको सम्बन्धमा कार्यालयले भरपाई कागजात पेश गरेको छैन । अतं अनुगमन गरी वास्तविक विद्यार्थिलाई वितरण गरेको प्रतिवेदन सहितको भरपाई प्रमाण पेश हुनु पर्ने रु.	२०३७६००

क्रसं	विधालयको नाम	आवासिय छात्रवृति	गैरआवासिय छात्रवृति	जम्मा
१	हरिहर जनता मावि		७६०००	७६०००
२	पाच कुमार मावि		११४८००	११४८००
३	महाविर जनता मावि	२०००००	२०४८००	४०४८००
४	जनता आधारभुत विधालय सखुवा		४३६००	४३६००
५	जनता प्रावि जगतपुर		२७६००	२७६००
६	जनकल्याण प्रा वि		३३२००	३३२००
७	श्रवण जनता प्रावि		३४४००	३४४००
८	लक्ष्मिनाथ जनता प्रावि		७२८००	७२८००
९	सार्वजनिक आधारभुत विधालय		१९४८००	१९४८००
१०	आधारभुत मजुर्वा		७३६००	७३६००
११	जनता आधारभुत विधालय फरहदवा		१२९६००	१२९६००
१२	जनता मा वि हरैया		१७९६००	१७९६००
१३	रामलगन मावि पिडारी		१८०८००	१८०८००
१४	जनता प्रा वि ढावटोल	३६००००	८८८००	४४८८००
१५	इन्द्रपुर जनता प्रावि		२३२००	२३२००
	जम्मा	**५६००००**	**१४७७६००**	**२०३७६००**

९६.	निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले स्वास्थ्य, कृषि, पशुपन्छी, भेटनरी एवम महिला विकास लगायत सवै विषयगत तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको पाईयो । तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेकोले ग्रेड रकम एवम तलवमा भएको खर्च रकम भिडान गर्न सकिएन । प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नुपर्दछ ।	
	नगरपालिका पूँजीगत (वित्तीय समानिकिकरण)	
९७.	**योजनाः-** चौथो नगरपालिका सभाले यो वर्ष नगर स्तरिय २४ योजनाको लागि रु ८,२३,७४,३७५। र ९ बटा वडामा प्रतिवडा रु ७५ लाख का दरले रु ६,७५,००,०००। समेत बिभिन्न साना तथा ठूला योजना सन्चालन गर्न रु. १४ करोड ९८ लाख ७४ हजार बजेट	

	बिनियोजन गरेको छ । छनौट गरेका योजनामध्ये के कति योजना सम्पन्न भए र कति सम्पन्न हुने चरणमा छन तथा कति सम्पन्न गरिएन सो को योजनागत अभिलेख राखेको छैन । योजना शाखाले विभिन्न उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुबाट निर्माण तथा खरिद कार्य गराएको छ । कार्यालयको प्राविधिक शाखावाट पेश भएको विवरणमा यस वर्ष १४६ योजना सम्झौता भइ कार्य सम्पन्न भएको उल्लेख गरेको छ । सो विवरण अनुसार नगर स्तरिय ५९ वटा योजनामा रु ९,१२,०९,९०७। र ९७ वटा वडा स्तरिय योजनामा रु ३,७७,१९,८७०। समेत रु १२,८९,२९,७७७। खर्च भुक्तानी गरेको व्यहोरा उल्लेख गरेको छ । लेखापरीक्षण योजना अनुसार नमुना छनौट गरी (माघ, फागुन र चैत्रको वाहेक) परीक्षण गर्दा देखिएको व्यहोरा देहायअनुसार छन् ।	
९८.	**भुक्तानी दिन बांकिको बिबरण :-** योजना सँग सम्बन्धित बिभिन तथ्याङ्कहरु आर्थिक बर्षगत रुपमा देखिने गरी योजनागत अभिलेख रजिष्टर खडा गरी राखेको छैन । यसो हुदा यस नगरपालिकामा हाल सम्म के कस्ता कति योजना कुन आर्थिक बर्षमा कति बिनियोजित र संसोधित भए, कति योजना अपुरो अबस्थामा नै रहिरहेका छन्, कति योजना सम्पन्न भए, कति योजनाको भुक्तानी दिन बांकी छ वा छैन, जनश्रमदान, लागत सहभागिताको अनुपातिक अबस्था कस्तो छ, कुन योजनामा कति खर्च भएको छ, कति कति कर धरौटी कटाई कति भुक्तानि भयो, सम्झौता भन्दा बढी भुक्तानी हुन गएको छ छैन, समय भित्र काम सकिएको छ छैन र आगामी वर्ष बजेट तर्जुमा गर्दा कुन ठाउमा कस्तो योजनालाई प्राथमिकता दिनेभनि निर्णय गर्न आबश्यक पर्ने तथ्याङ्क जस्ता बिभिन्न तथ्याङ्क हेर्न सक्ने अबस्था रहेको पाईएन । यस प्रकारको तथ्याङ्कको अभिलेखाङ्कन अबस्थाले गर्दा योजनागत एकमुस्ट प्रगति एकिन गर्नसक्ने आधार भएन । नगर कार्यपालिकाको बैठक नं.६० मिति २०७६।४।२४ का दिन विभिन्न ५६ वटा योजनाको रु १०,५०,०८,९८१। रकमका योजना गतवर्ष कार्यसम्पन्न गरी भुक्तानी बाँकी रहेको, गतवर्ष सम्झौता भई चालु वर्ष सम्पन्न हुने र दोस्रो तथा तेस्रो नगरसभाबाट स्वीकृत भएका तर सम्झौता नभएका योजना तथा कार्यक्रमहरु चालु आ.व.मा जिम्मेवारी सारी कार्यन्वयन गर्ने निर्णय गरेको देखियो । तर सो निर्णय नगर सभाबाट स्विकृत भएको छैन र उक्त योजना मध्ये यस वर्ष के कुन कति योजना सम्पन्न भइ भुक्तानी भएको छ सोको विवरण तथा अभिलेख समेत राखेको छैन । अतः योजनागत अभिलेख राखी भुक्तानी दिनु पर्ने देखिन्छ।	
९९.	**आयोजना हस्तान्तरणः** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । अतः सम्पन्न आयोजनहरु सम्बन्धित उपभोक्ता समितिमार्फत नै कार्यान्वयन, संचालन, मर्मत र स्वामित्व ग्रहण गर्ने व्यवस्था सम्झौतामै उल्लेख गर्ने व्यवस्था गरी उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ ।	
१००.	**कामको गुणस्तर एवं स्थलगत निरीक्षणः—** नगरपालिकाले यसवर्ष निर्माण कार्य उपभोक्ता समितिबाट समेत गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७८(३) अनुसार नगरपालिकाको प्रमुख, उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । सो अनुसार नगरपालिकाले पुरै योजनाहरुको अनुगमन गरेको देखिएन । यस नगरपालिकाबाट उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका बाटो, कलभट, भवन, नाली जस्ता निर्माण कार्यको भुक्तानी गर्दा	

उपप्रमुख एवं वडा अध्यक्षको अध्यक्षतामा अनुगमन समिति गठन गरी अनुगमन गर्ने र अनुगमनको सिफारिस पश्चात भुक्तानी दिने गरेको छ । अतः जिम्मेवारी सम्बन्धित प्राविधिक एवं अनुगमन कर्तालाई बनाइ निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ ।

१०१. **उपभोक्ता समितिको कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगायतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले नगरपालिका स्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति कार्य उपभोक्ता समितिको नाम लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप लगाएको देखिएन। उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बन्धित कागजातमा उल्लेखित विवरण स्पष्ट गर्न ध्यान दिनुपर्दछ ।

१०२. **एउटै उ.स.लाई धेरै योजनाको भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा सम्बन्धित क्षेत्रका लाभग्राहीबाट उपभोक्ता समितिगठन गर्नु पर्ने र सोही मार्फत योजना संचालन गर्नुपर्नेमा एउटा उपभोक्ता समिति गठन गरी असम्बन्धित क्षेत्रमा समेत त्यसैबाट कार्य गराएको उदाहरण देहाय अनुसार छ । यसरी असम्बन्धित क्षेत्रमा सम्बन्धित उपभोक्ता बाहेकका व्यक्तिबाट काम गराउँदा कामको गुणस्तर र स्वामित्वमा असर पर्न जाने अवस्था देखिन्छ । यस्तो अवस्थामा सुधार ल्याउन उपभोक्ता समिति गठन प्रक्रिया पारदर्शी बनाउने, विधिवत दर्ता र सही परिचालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । एउटै उसले कोभिडको समयमा ४ वटा समेत योजना संचालन र सम्पन्न गरेको सम्वन्धमा सम्वन्धित कार्यालयवाट कार्य भए नभएको सम्वन्धमा एकिन गरिनु पर्दछ।

भौ.नं.मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	योजनाको नाम	योजनाको रकम
१०२-०७७।२।१५	पुल्चौकको अधुरो कछडिया ग्रभेल मर्मत कार्य उ.स.	४७००००	१.वडा २ मा इनार मर्मत कार्यक्रम २.वडा २ मा पुल्चोक अधुरो ग्राभेल ३. वडा २ मा कछडिया टोलमा इनार देखि सडक स्लेव ढलान कार्यक्रम	७०००० १००००० ३०००००
१०३-०७७।२।१८	इन्द्रपुर विकास उ.स. ८	८५००००	१.लामा कान्छाको घरदेखि ग्राभेल २.बाबुलालको घर देखि ग्राभेल ३. इन्द्रपुरको चर्च मर्मत ४.ब्रम्हस्थानमा घेराबेरा र माटोको काम	१००००० ६००००० १००००० ५००००
११३-०७७।२।२२	पिण्डेश्वरनाथ उ.स.	३५००००	१.वडा ८ मा मर्मत तथा वाइरिङ्ग पिण्डेश्वर क्लव २.वडा ८ परमन्सको घरदेखि पूर्व सडक सल्याव ढलान	१००००० २५००००
११८-०७७।२।२८	जुटपानी स्लाव ढलान उ.स.८	१००००००	१.कपिलको घर देखि कृष्णको घर जाने अधुरो सडक ढलान २.कपिलको घरदेखि पश्चिम ढलान ३. देवराजको घर देखि पश्चिम ढलान	६००००० २००००० २०००००
२०-०७६।६।१८	लक्ष्मी नाथ प्रा.वि.पूर्व सांस्कृतिक मंच निर्माण उ.स.७	५५००००	१.वडा नं७ मा सांस्कृतिक मंच २.वडा ७मा अशोक धामीको घर देखि उत्तर बाटो ढलान	३००००० २५००००
७८-०७७।१।२१	सडक ढलान उ.स.५	५०००००	१.वडा ५ को सडक ढलान (भोला साहको घरसम्म)	३५००००

					२.वडा ५को सडक ढलान (ब्रम्हस्थान सम्म)	१५००००		
		७९-०७७।१।२१	दास नारायण राम एकवाल सडक ढलान उ.स.	२५००००	१.विन्देको घरसम्म सल्याव ढलान २.रघुनाथको घरसम्म अधुरो सडक ढलान	१५०००० १०००००		
		८३-०७७।१।२३	सडक स्लाव/ग्राभेल उ.स.२	५६५०००	१.वडा २ मा पटी टोल सडक ग्राभेल २.वडा २ मा रामशिसको घर पश्चिम सल्याव ढलान ३.वडा २ मा पेटी टोल सडक सल्याव ढलान	६५००० २००००० ३०००००		
		९०-०७७।२।१३	हरिपुर बजारटोल विकास उ.स.	४०००००	१. वडा २ तराचनको घर देखि पश्चिम सडक ग्राभेल २. वडा २ अस्पताल पछाडी सल्याव ढलान कार्यक्रम	१००००० ३०००००		
		९५-०७७।२।१३	जुटपानी विकास उ.स.८	१००००००	१.कृष्ण पाण्डेको घर देखि रामबाबुको घर सम्म सल्याव ढलान २.ब्रम्हस्थान भित्र ट्रष्ट तथा कल निर्माण ३.मुसहरी सडक सल्याव ढलान	६००००० २००००० २०००००		
		१२५-०७७।३।१	हात्तिसार विकास उ.स.	४०००००	१.हात्तिसार फिल्डको वर पिपलमा चौतारो निर्माण २. हात्तिसारको घर छेउछाउमा नालामा सल्याव निर्माण	२००००० २०००००		
		१२९-०७७।३।७	हजार विधाटोल विकास नि.उ.स १	४५००००	१.कमल गोलेको घर पूर्व सडक मर्मत तथा ग्रावेल २.पशुपति मन्दिरमा चौतारो निर्माण	३००००० १५००००		
		१३१-०७७।३।९	जानकीनगर चौतारो नि.उ.स १	३०००००	१.स्याङ्दानको घरनिर प्रतिक्षालय निर्माण २.मलहनिया सामुदायिक वन निर चौतारो निर्माण	१००००० २०००००		
		१३४-०७७।३।१६	वडा नं.५ मा सडक ढलान उ.स.	८०००००	१.फतमाको घर देखि कुर्माणको घरसम्म सडक ढलान २.कासिमको घरदेखि नथुनीको घरसम्म सडक ढलान	३००००० ५०००००		
		१४५-०७७।३।२१	हरिपुर बजार टोल विकास उ.स.२	४०००००	१.वडा कार्यालय पछाडी सडक सल्याव ढलान कार्यक्रम २.पशुपति जाने अधुरो सडक सल्याव ढलान	३००००० १०००००		
		१५२-०७७।३।२४	गरिव इसा अमिन सडक उ.स.५	८०००००	१.अमिनको घर देखि इसाको पोखरी सम्म सडक ढलान २.इसाको घर देखि पूर्व मोड सम्म सडक ढलान ३.गरिवको घरदेखि अमिनको घर सम्म सडक ढलान	१००००० २००००० ५०००००		
		१६५-०७७।३।२५ १६६-०७७।३।२५	रोजदिन समिज सडक ढलान उ.स वडा ६	३४३८८२	१.रोजदिनको घर देखि अहमद खान सम्म सडक सल्याव ढलाव २.समिजको घर देखि अफिजको घर सम्म सडक सल्याव ढलान	१४३८८२ २०००००		
		१६७-०७७।३।२६	हरिपुर विकास उ.स.८	८३३४३०	१.राम एकवाल दासको घर देखी पूर्व सडक सल्याव ढलान २.गोविन्द थापाकफ घर देखि पछाडी कृषि सडक तथा कल्भर्ट निर्माण ३.राम प्रसाद र मनोजको घर नजिक	४००००० १९३५१०		

			कुलोमा गेट निर्माण	२३९९२०
२०१-०७७।३।३१	कृष्ण वर्णेश्वर धर्मशालाको कम्पाउण्ड वाल तथा कुलो ड्याम निर्माण उ.स. २	३९९६५१	१.उमेश बुढाथोकीको खेत छेउमा कुलो ड्याम कार्यक्रम २.कृष्णा वर्णेश्वर मन्दिर अधुरो भवन निर्माण	२००००० १९९६५१
	जम्मा			**१०६६१९६३**

१०३. **परामर्श सेवा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा सोझै खरिद गरी रु १४,६९,४५२। खर्च लेखेको छ। लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको छ । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट छैन । आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । साथै सम्बन्धित फर्महरुले पेश गरेको रिपोर्ट पनि कार्यालयमा दाखिला समेत नदेखिएकोले प्रमाण संलग्न गरी खर्चलाई नियमित गर्नुपर्ने रु. १४६९४५२

भौ.नं./मिति	फर्मको नाम	विवरण	रकम
३३-०७६।८।२७	इनोभेटिभ इन्जिनयरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	७ किमि रोडको डि.पि.आर.	४८२५१०
४३-०७६।९।१५	लक्ष्मी कन्स्ट्रक्सन एण्ड कन्सन्टेन्सी प्रा.लि.	आधारभुत विद्यालय लक्ष्मीपुरको डि.पि.आर	४९३८१०
४४-०७६।९।१५	ड्याम कन्सल्टेन्ट प्रा.लि.	महाविर जनता मा.वि. निर्माणको डि.पि.आर	४९३१३२
		जम्मा	**१४६९४५२**

१०४. **सवारी साधन खरिदः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत तोकिएको कार्यमा खर्च गर्ने र सवारी साधन खरिद गर्न नहुने उल्लेख गरेको छ। कार्यालयले यस वर्ष निम्न अनुसार रु ४२४३४९९। मा सवारी साधन खरिद गर्दा उल्लेखित व्यवस्थाको पालना नगरी खर्च गरेको छ । कानुनको पालना गर्नुपर्ने देखिन्छ ।

भौ.नं./मिति	फर्मको नाम	विवरण	रकम
४२-०७६।९।१४	एम.ए.डब्ल्यु भि ट्री कमर्सियल भेहीकल प्रा.ली.	पिक अफ गाडी	४२४३४९९
		जम्मा	४२४३४९९

१०५. **पूर्वनिर्धारित क्षतिपूर्तीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरि साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिम परामर्श दाताले सम्झौता अनुसार तोकिएको समयमा काम सम्पन्न नगरी ढिला गरेको समयको पूर्वनिर्धारित क्षतिपूर्ति रु ३२४८६ असुल गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु. ३२४८६

भौ.नं./मिति	फर्मको नाम	कामको विवरण	सम्झौता रकम	सम्पन्न गर्नुपर्ने मिति	सम्पन्न मिति	ढिला दिन	क्षतिपूर्ती रकम
३३-०७६।८।२७	इनोभेटिभ इन्जिनयरिङ्ग	७ किमि रोडको	४८२५१०	आश्विन ३०	मंसिर ३०	६०	१४४७५

	कन्सल्टेन्सी प्रा.लि.	डि.पि.आर					
४३-०७६।९।१५	लक्ष्मी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.	आधारभुत विद्यालय लक्ष्मीपुरको डि.पि.आर	४९३८१०	मंसिर ५	पौष १२	३७	९१३५
४४-०७६।९।१५	ड्याम कन्सल्टेन्ट प्रा.लि.	महाविर जनता मा.वि. निर्माणको डि.पि.आर	४९३१३२	मंसिर ५	पौष ११	३६	८८७६
		जम्मा	१४६९४५२				३२४८६

१०६. **होडिङ्ग बोर्ड :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । निम्नानुसार उपभोक्तालाई विल भरपाई संलग्न नगरी नापी किताव ठेक्का विल र कार्यसम्पन्न प्रतिवेदन अनुसार होर्डिग वोर्ड वापतको रकम भुक्तानी गरेकोछ। विना विल भरपाईको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु १२०००

भौ.नं.मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	होर्डिङ्ग बोर्ड वापतको रकम
४-०७६।५।२३	सानो जगतपुर स्कुल दक्षिण नाला नि.उ.स-२	१५०००००	२०००
५-०७६।५।२४	सडक मर्मत तथा ग्राभेल कार्य उ.स	१९५०१५३	५०००
६-०७६।५।२४	जगतपुर स्कुल देखि नहर सम्म कृषि सडक सुधार उ.स-८	१५७२०४०	५०००
	जम्मा	५०२२१९३	१२०००

१०७. **ठेक्का फाइल पेश नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न ठेक्काको सम्वन्धमा टेन्डर कागजात, सम्झौता लगायत खरिद र ठेक्कासंग सम्वन्धित अन्य कुनै कागजात पेश हुन नआएकोले ठेक्का फाइल पेश हुनपर्ने रु ६९१९५६३

भौ.नं.र मिति	आपूर्तकको नाम	काम	कबोल अंक	भुक्तानी रकम
११-०७६।६।५	नारायण कन्स्ट्रक्सन कम्पनी	वडा ३ मा नाला निर्माण	२९९२१९१	१९४८२५२
८४-०७७।१।२९	गौशाला कन्स्ट्रक्सन	सडक कालोपत्रे	४९७१३११	४९७१३११
	जम्मा			६९१९५६३

१०८. **अमानतबाट कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८(१) मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ । बिभिन्न वडाको सिफारिसमा वडा अध्यक्ष, सचिव एवं अन्य कर्मचारी मार्फत अमानतमा गराएको कामको मूल्यांकन गरी सम्बन्धित वडा अध्यक्ष तथा कर्मचारीलाई भुक्तानी दिएको देखिन्छ । अमानतबाट काम गराउनु पूर्व स्वीकृति लिएको देखिदैन । कार्यालयमा रहेका निर्माण उपकरणहरु (ट्याक्टर, लोडर) प्रयोग गरी निर्माण सम्वन्धी सामाग्री खरिद गरी ज्यालामा काम गराउनु पर्नेमा सो नगरी कार्यालयले उपभोक्ता समितिलाई कार्य गर्ने दर विष्लेषणको दरमा वडा अध्यक्ष तथा कर्मचारी मार्फत विभिन्न फर्मबाट सामान खरिद गरी सोही विलको आधार र डोर हाजिरी संलग्न गरी प्रमाणित र स्विकृत नगरेको प्राविधिक विलको आधारमा रु ४३१६२४ भुक्तानी दिएकोले कैफियतमा लेखिएमा प्रमाण संलग्न गरी नियमित हुनुपर्ने रु ४३१६२४

भौ.नं.मिति	योजना	भुक्तानी पाउने	भुक्तानी रकम	कैफियत
१४-०७६।६।५	खानेपानी हेण्ड पाइप जडान १२ थान (५ वटा मात्र जडान गरेको छ ।)	निलम चौधरी	११८२६३	कार्यादेश,कार्य समपन्न प्रतिवेदन र सेवाग्राहीले बुझेको भरपाई छैन । नापी किताव प्रमाणित छैन
१५-०७७।६।५	सडक मर्मत सम्भार वडा ५	अजिज मियाँ	१०००००	नापी र कार्य सम्पन्न प्रमाणित छैन ।
३५-	खानेपानी हेण्ड पाइप	सुरेन्द्र सिंह	१२३५६५	५ वटा वितरण सेवाग्राहीको

	०७६।८।२९	जडान (१२ थान मध्ये ५ थान वितरण)	दनुवार		भरपाई छैन ।	
	१०१-०७७।२।१५	वडा ९ मा सडक स्तरोन्नती	रामध्यान चौधरी	५००००	उ.स.अध्यक्षलाई वेरर चेकबाट भुक्तानी	
	१९७-०७७।३।३१	वडा ४ को पुल निर नागेश्वरको खेतमा होम पाइप जडान कार्य	सागर देवी	३९७९६	कार्यसम्पन्न,मूल्यांकन प्रमाणित नभएको	
		जम्मा		४३१६२४		

१०९.	**प्राविधिक धार** ५३-०७६।१०।१४आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्टयाई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । महाविर जनता मा.वि.लाई प्राविधिक धार संचालन वापत रु ५१,९२,०००। निकासा दिएको छ । सो रकमको खर्चको विल भरपाई तथा फाँटवारी पेश हुनुपर्ने रु	५१९२०००
११०.	**बिमा रकम** ८४-०७७।१।२९ गौशाला कन्स्ट्रक्सनको विजक २७ मिति २०७७।१।२३ बाट ठेक्का नं. ९।०७५।७६ को लालबन्दी सिमाना देखि चिताइन सम्म कालो पत्रे गरेवापत रु ४९,७१,३११। भुक्तानी गरेको छ । २०७६ जेष्ठ ३० गतेको सम्झौता गर्दाको वि.ओ.क्यु.को १ नम्बरमा insurance of work, equipment,contructors workman and employees and third party insurance against damage to other persons and property को लागि लमसममा रु २५०००। उल्लेख भएको र सोही अनुसार मुल्यांकन भई भुक्तानी भएको अवस्थामा ठेक्का रकमको मात्र विमा गरेको प्रिमियम रु १४,२७२ को पोलिसी नं.१११९१९ पेश गरेको छ । कामदार, निर्माण सामाग्री र तेस्रो पक्षको विमा नगरी पुरै भुक्तानी भएकोले बढी विमा रकम असुल हुनुपर्ने रु १०७२८ को मु.अ.कर समेत रु	१२१२२
११०.१.	उपरोक्तानुसार ठेक्का एकमुष्ठ आश्विन मसान्त सम्मको मात्र म्याद थप भएको अवस्थामा भुक्तानीको लागि मिति २०७७।१।२३ मा विजक जारी गरेता पनि भुक्तानी माग गरेको निवेदन २०७६।८।२३ मा दर्ता गराएकोले म्याद थप नभएको अवस्थामा ५३ दिन ढिला कार्य सम्पन्न भएकोले पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेकोले असुल हुनुपर्ने रु	१३१७३९
१११.	**पुरा बिमा नगरेको** ९६-०७७।२।१३ शाह निर्माण सेवा (३००१०१३८८) को विजक १६।०७७।१।२२ बाट ठेक्का नं.१४।०७५।७६ को हरिपुर स्थान देखि जानकी नगर सम्मको १.०२५ किमि बाटो कालोपत्रे गरेवापत रु ५१,९४,८९३।७६ भुक्तानी गरेको छ । बि.ओ.क्यु.को १ नम्बरमा रहेको विमा मध्ये कामदार र कर्मचारीको बिमा नगरी लमसममा रु ५०,०००। भुक्तानी गरेको छ । Neco Insurance को पोलिसि नम्बर ०००0४।०७६।७७ अनुसार २०१९।६।११ देखि २०१९।१२।१६ सम्मको सम्झौता रकम रु ६०,२१,५६४। को र औजार उपकरणको मात्र गरी रु १७५८३।९१ भुक्तानी गरेको विल संलग्न रहेकोले कामदार कर्मचारी र तेस्रो पक्षको विमा नगरेको अवस्थामा पुरै भुक्तानी भएकोले बढी भुक्तानी रु ३२,४१६।०९ को मु.अ.कर समेत असुल हुनुपर्ने रु	३६६३०
१११.१.	सि.नं.३ मा carry ant additional tests for materials and works as required and instructed by the engineer कार्य ps मा रु ५०,०००। राखी पुरै भुक्तानी गरेको छ । सडक विभाग Quality Research and development centre चाकुपाटवाट Bitumen Test गरे पनि विल विजक पेश नगरेकोले विल पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु	५००००
११२.	**बिमा** ९७-०७७।२।१३ शाह निर्माण सेवाको विजक १५।१।२२ बाट फरहदवा मेनरोड कालोपत्रे बापत ठेक्का न. १३।०७५।७६ को विमा वापत रु ५०,०००। भुक्तानी गरेकोमा विमा	

	पोलिसि नं. ०००0६।०७६।७७ बाट रु १४८७८।३१ को मात्र बिजक सम्लग्न रहेको र कामदार कर्मचारीको बिमा नगरेकोले बढी भुक्तानी भएको रु ३५,१२१।६९ को भ्याट समेत असुल हुनुपर्ने रु	३९६८७
११३.	**बढी भुक्तानी** ९८-०७७।२।१३ शाह निर्माण सेवाको कर विजक (१४।१।२१) बाट ठेक्का न. १२।०७५।७६ सानो जगतपुर कालो पत्रे गरेकोमा विमा वपत रु ५०,०००। भुक्तानी गरेको छ । निको इन्सुरेन्सको पो.नं. ०००0५।०७६।७७ बाट रु १२,७८९।७६ भुक्तानी गरेको विल संलग्न रहेकोले बढी भुक्तानी भएको रु ४२,०४७।५७ असुल हुनुपर्ने रु	४२०४७
११४.	**ल्याव टेष्टको बिल** १०९-०७७।२।२० पिडारी देखि हरैया जनता मा.वि सम्मको कालोपत्रे कार्य वापत शाह निर्माण सेवालाई चेनेस ०+००० देखि १+०६० मिटर को रु ५५०८५३३।२५ भुक्तानी गरेको छ । संलग्न ठेक्का विल अनुसार पि.एस.मा ल्याव टेष्ट वापत रु ५००००। भुक्तानी गरेकोमा सडक डिभिजन हेटौंडाबाट ल्याव टेष्ट गराएतापनि बिल पेश गरेको छैन । अतः बिल वेगरको भुक्तानी रकम असुल हुनुपर्ने रु	५००००
११५.	**चापाकल जडान** १३२-०७७।३।९ चापाकल जडान उ.स.लाई वडा नं. ८ को विभिन्न स्थानमा ७ थान चापाकल जडान वापत रु १३०१५५। भुक्तानी गरेकोमा सो जडान कुन सेवाग्राहीको घरमा जडान भएको हो सेवाग्राहीले प्रमाणित गरेको प्रमाण पेश नभएको रु	१३०१५५
११६.	**बढी भुक्तानी** १५६-०७७।३।२४ जनता मा.वि. हरैयाको सरस्वती मन्दिर मर्मत कार्य र फर्निचर तथा कार्पेट व्यवस्था र फिल्डमा माटो पुर्ने कार्यवापत रु ६,१७,०७०.७८ भुक्तानी गरेको छ । संलग्न फाँटवारी भौ.नं.१५० मा राखी रु ५८९३२०। खर्च लेखेको र सो भौचरको भुक्तानी रकम भौ नं. १५५ बाट रिभर्स गरी यस भौचरबाट रु ६,१७,०७०। भुक्तानी गरेकोले भुक्तानी हुनुपर्ने भन्दा बढी भुक्तानी भएको रकम रु २७७५० असुल हुनुपर्ने रू	२७७५०
११७.	**भौचरः** १७८-०७७।३।२९ सेवा केन्द्र मिडियालाई भुक्तानी भनी रु ९७४५९।७० बैंक नगदी किताव अनुसार खर्च लेखेको छ । सो खर्चको गोश्वारा भौचर र सो साथ संलग्न कागजात पेश नभएकोले पेस हुनुपर्ने रु	९७४५६
११८.	**गत आर्थिक वर्षको योजनाः** गत वर्ष सम्झौता भएका निम्नानुसार योजनाको रकम यसवर्ष भुक्तानी गरेको छ। भुक्तानी गर्दा निम्नानुसार कैफियत देखिएको छ। अतः सो कैफियत अनुसारको प्रमाण संलग्न गरी म.ले.प.फा.न. १८ भुक्तानी वाकीको कच्चावारी समेत पेश गरी नियमित हुनुपर्ने रु	१२७००४४

भौ.नं.मिति	गत वर्षको योजनाको नाम/आपूर्तक/उपभोक्ता समिति	काम	भुक्तानी रकम	कैफियत
११-०७७।६।५	नारायण कन्स्ट्रक्सन कम्पनी	वडा ३ मा नाला निर्माण	१९४८२५२	
१३-०७६।६।५	वडा नं १ देखि २ जोड्ने सडक निर्माण उ.स.	सडक निर्माण	१९३४२३५	ल.इ.नापी,ठेक्का र कार्य सम्पन्न प्रतिवेदन प्रमाणित र स्विकृत छैन ।
१७-०७६।६।८	रुपेश कन्स्ट्रक्सन हरिपुर	सानो जगतपुर पिच देखि दक्षिण सडक कालोपत्रे	१२४१४४२	प्रथम रनिङ् विल
५१-०७६।१०।१४			१७८१९८७	विमा वापत रु ५० हजारको प्रमाण छैन ।
६१-०७६।११।१४			३२३१५०	विजक २।१०।१४ बाट छुट रकम भुक्तानी
१८-०७६।६।८	मर्मत तथा ग्रावेल कार्य र कल्भर्ट निर्माण कार्य	मजुर्वा फरहदवा ३ गौर सम्म	१८३७०६५	सडक बोर्ड रु १५००००० र न.पा. रु

	उ.स.	सडक निर्माण		३३७०६५
१९-०७६।६।८	जगतपुर टोलमा नाला निर्माण उ.स. ८	नाला निर्माण कार्य	१२७०८४३	ठेक्का विल तयार नगरेको र abstract of cost तयार गरेको तर स्विकृत नभएको
२८-०७६।८।९	हरैया चोक देखि पूर्व कुलो सम्म नाला नि.उ.स. ४	नाला निर्माण	८१३८६४	
२९-०७६।८।९	मजुर्वा,फरहदवा ३ गैर सम्म सडक मर्मत तथा ग्राभेल कार्य उस ३	सडक मर्मत तथा ग्राभेलको कार्य	२६६११८	खुद भएको सम्पन्न रकम रु ११७९९८०। को ठेक्का विल नापी र कार्य सम्पन्न प्रमाणित छैन ।
३७-०७६।८।३०	राम जानकी मन्दिर नि.उ.स. ६	मन्दिर निर्माण कार्य	१२८३४८८	प्रदेशको बजेट
		जम्मा	१२७००४४४	

११९. **कार्य सम्पन्न प्रतिवेदन प्रमाणित नभएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगायतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले नगरपालिका स्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बन्धित कागजातमा उल्लेखित विवरण स्पष्ट गर्न ध्यान दिनुपर्दछ ।

भौ.नं.मिति	कार्य तथा उ.स.	भुक्तानी रकम	कैफियत
८९-०७७।२।१३	वडा नं.३ भक्तपुर भित्रि सडक ग्राभेल कार्य	१३००००	कार्य सम्पन्न,नापी र ठेक्का विल प्रमाणित नभएको
११०-०७७।२।२०	जंगल सिमाना देखि ढापटोल जाने सडक स्तरउन्नती उ.स.	१००००००	कार्य सम्पन्न,नापी र ठेक्का विल प्रमाणित नभएको
१११-०७७।२।२१	तेजनारायणको घर देखि उत्तर जाने सडकमा नाला निर्माण उ.स.	४०००००	कार्य सम्पन्न,नापी र ठेक्का विल प्रमाणित नभएको
१४०-०७७।३।१७	खेल मैदान माटो पुर्ने कार्य उ.स.	१०००००	कार्य सम्पन्न,नापी र ठेक्का विल प्रमाणित नभएको
१८९-०७७।३।३०	वडा ५ मदरसा र मस्जिद पुन निर्माण उ.स (काम- वडा ५ को साविक लक्ष्मीपुर कोद्राहा ७ को मदरसा पुननिर्माण कार्यक्रम)	६९१०९५	एउटै नामको योजना वडास्तरिय सि.नं.३ मा रु ५ लाख र सि.नं.४ मा रु २ लाख विनियोजन छ ।
१३-०७६।६।५	वडा १ देखि २ जोड्ने सडक नि.उ.स.(सडक बोर्ड)	१९३४२३५	कार्य सम्पन्न,नापी र ठेक्का विल प्रमाणित नभएको
	जम्मा	४२५५३३०	

१२०. **नगर प्रोफाइल:-** ९९-०७७।२।१४ वि.एम.इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.लाई नगर प्रोफाइलको प्रारम्भिक प्रतिवेदन बुझाए वापत सम्झौताको ३०% ले हुने रकम रु ५९२२३३। प्रथम किस्ता वापत भुक्तानी गरेको छ । त्यस्तै भौ.नं.२०५ बाट रु ९३८३१५ र भौ.नं. २०६ बाट रु ४४३५६२। समेत कुल रु १९९४११०। भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ ।

<table>
<tr><td>१२०.१.</td><td>९ माघ २०७६ को सम्झौता अनुसार २०७७।२।२० सम्ममा कार्य सम्पन्न गरी सक्नु पर्नेमा लकडाउनको कारण कार्य सम्पन्न गर्न नसकेको भनी कार्यालयले म्याद थप समेत नगरी असार २९ को विजकको आधारमा भुक्तानी गर्दा प्राप्त भएको नगर प्रोफाइल जिन्सी दाखिला समेत गरेको छैन । समयमा कार्य सम्पन्न नभएकोले सम्झौता रकम रु १९,७४,११०। को ३९ दिनको पूर्व निधारित क्षतिपूर्ति असुल नगरेको रु</td><td>३८४९५</td></tr>
<tr><td>१२०.२.</td><td>योजना र बजेटमा समावेस नै नगरी तोकिएको रकम भन्दा बढी भुक्तानी राजस्व बाँडफाँटको डि.पि.आर निर्माण मजुर्वा पुलको २० लाख, हारीहरी थानको ५ लाख, ढाप टोल प्रा.वि.को ५ लाख चिताइन मन्दिर तथा पिकनिक स्थलको ५ लाखबाट बचत रहेको रकम मध्येबाट रु ४,४३,५६२। भुक्तानी गरेकोले नियमित नभएको रु</td><td>४४३५६२</td></tr>
<tr><td>१२१.</td><td>शिक्षकको तलब निकासा :- अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्नेगरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले वित्तीय समानीकरण अनुदानबाट रु ८३६००० विधालयलाई निकासा गरेकोमा प्रयोजन खुलेको देखिदैन। संघिय सरकार हस्तान्तरितवाट निकासा भएको शिर्षकमै उल्लेखित रकम पून निकासा भए नभएको सम्वन्धमा नगरपालिकाले एकिन गर्नु पर्दछ ।
<table>
<tr><th>गो.भौ.नं.मिति</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१७०-०७७।३।२६</td><td>जनता मा.वि. हरिपुर ३</td><td>४ शिक्षक अस्थाई नियुक्ति गरी तलब निकासा</td><td>४७२०००</td></tr>
<tr><td>१८६-०७७।३।३०</td><td>पाच कुमार रामऔतार लक्षिया मा.वि.</td><td>मावि गणित शिक्षक रोशन चौधरीको तलब</td><td>३६४०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८३६०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२२.</td><td>बढी भुक्तानीः-१९५-०७७।३।३१ मदरसा गौशिला रजाउल उलुम हरिपुर न.पा.लक्ष्मीलाई २ कोटे भवन निर्माण गर्न शिक्षा सशर्तबाट रु १६ लाख र यस शिर्षकबाट रू १० लाख समेत २६ लाख बजेट समावेश भएकोमा सशर्त चालुको भौ.नं.११० बाट प्रथम विलको रु १३७३१३५ र भौ.नं १४९ बाट रु २२६८६४।०८ समेत १६ लाख र यस भौचरबाट रु १० लाख समेत पुरै रकम निकासा गरेको छ । वडा ६ को १४ नम्बर योजनाबाट रु १० लाख भवन निर्माण कार्यको लागि खर्च लेख्दा कन्टेन्जेन्सी वापतको ३% कट्टी नगरेकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु</td><td>३००००</td></tr>
<tr><td>१२३.</td><td>वितरण भरपाइः- १९९।०७७।३।३१ वडा ३ भकुवा पक्की कुलो तथा हेण्डपाइप जडान र सडक मर्मत कार्य उ.स.लाई ११ थान हेण्ड पाइप विभिन्न व्यक्तिको घर आगनमा जडान गरेको भनी रु ४०००००। भुक्तानी गरेको छ । तर को कसकोमा जडान भएको हो सम्बन्धित सेवाग्राहीले बुझेको तथा प्रमाणित गरेको प्रमाण पेश नभएको रु</td><td>४०००००</td></tr>
<tr><td></td><td>आन्तरिक आय तर्फ</td><td></td></tr>
<tr><td>१२४.</td><td>आन्तरिक आय : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ राखेको देखिएन। ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फारम राखी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । कार्यालयले यस वर्ष आन्तरीक आय रु १८६४३३३९।६३ बैङ्क जम्मा भएको आधारमा आम्दानी</td><td></td></tr>
</table>

जनाउँदा दैनिक आम्दानी एवम् दाखिला रजिष्ट्रर एवम् गोश्वरा भौचर खडा गरेको छैन । रसिद नम्वर र वैंक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ्ग नगरी वैंकमा आम्दानी भएको र राजस्व असूल गर्ने व्यक्तिले जम्मा गर्न ल्याएको आधारमा आम्दानी वाँधेकोले खातासंग भिडान गर्न सक्ने अवस्था रहेन । यसबाट राजश्व चुहावट हुन सक्ने हुँदा खाता प्रविष्टी गरेर मात्र दाखिला गर्नुपर्दछ ।

१२५. **आय उपकरण परिचालनः** पालिकामा निम्नानुसार उपकरण रहेको र उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ति उपकरण उपयोग आय र परिचालनको लगसिट लगानी र आय विष्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन । उपकरणहरु नगरपालिकाका प्रमुख, उपप्रमुख तथा वडाध्यक्षहरुको मौखिक निर्देशनमा परिचालन हुने जनाएको छ । नगरपालिकाको उपकरणहरु मार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राखु पर्दछ । कार्यालयले पेश गरेको विवरण अनुसार उपकरण संचालनमा इन्धन तथा मर्मतमा के कति खर्च भएको छ अभिलेख छैन । जनशक्ति वापत रु ११ लाख १७ हजार खर्च गरी कुल ५ लाख ८८ हजार आम्दानी भएको देखाएको छ । अतः आम्दानी भन्दा बढी खर्च हुने गरी कार्य संचालन गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

सि.नं.	सामानको विवरण	इन्धन लागत	मर्मत लागत	आय (रु हजारमा)	जनशक्ति लागत खर्च (रु हजारमा)	वचत
१	भ्याकुलेटर १ थान	नखुल्ने	नखुल्ने	४२८	२९१	नखुल्ने
२	जे.सि.वि. मेशिन १ थान	नखुल्ने	नखुल्ने	१२२	२९१	नखुल्ने
३	टिपर मेसिन २ थान	नखुल्ने	नखुल्ने	३८	५३५	नखुल्ने
४	एम्बुलेन्स १ थान	नखुल्ने	नखुल्ने	०	०	नखुल्ने
	जम्मा			५८८	१११७	

१२६. **रसिद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद नियन्त्रण खाता राखु पर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसीद पठाएको हो सो खुल्ने रसीद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसिदको प्रयोगलाई व्यवस्थित बनाईनु पर्दछ ।

१२७. **बक्यौता रकम असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले उठ्नुपर्ने रकमको लगत तयार गरेको छैन । प्राप्त भएको रकम मात्र आम्दानी गर्ने गरेको छ । आय ठेक्का, सम्पत्ति बिक्रि, मालपोत, अन्तशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । राजश्व असुलीलाई व्यवस्थित गर्नुपर्दछ ।

१२८. **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा निम्नानुसार बजार र ठेकदारबाट रु ३२५६६९९।५० असुल गरेको भनी विवरण पेश गरेको मध्ये रु २८७०१०। राजस्व खातामा जम्मा नगरी विभिन्न व्यक्तिको धरौटी खातामा जम्मा गरेको बैंक भौचरको आधारमा असुल जनाएको छ । अतः धरौटीमा रहेको निम्नानुसार आन्तरिक आयको रकम संचित कोषमा आम्दानी बाँध्नु पर्ने रु

२८७०१०

आयको नाम	ठेकदारको नाम	ठेक्का रकम	असुल रकम	असुल मध्ये धरौटीमा रहेको रकम
लखनदेही खोला	कामधेनु गाई फर्मा	२०२१०००	१८१८९००	१११००५

झिम खोला	चमेली माइ निर्माण सेवा	७५५५५५	६७९९९९।५०	४०५०५
हरिपुर बजार	जयराम पासवान	५५६०००	५००४००	८४०००
चिताइन बजार	पुरुषोत्तम न्यौपाने	६५०००	५८५००	३०५००
लक्ष्मीपुर बजार	अमिर पासवान	२२१०००	१९८९००	२१०००
	जम्मा			२८७०१०

१२८.१. उपरोक्तानुसार आय मध्ये लखनदेही खोलाको ठेक्का बन्दोबस्त गर्न २०७६ आश्विन १४ मा सुचना प्रकाशन गरी कामधेनु गाई फार्मसंग रु २०२१०००। को ठेक्का सम्झौता गरेको रकम तत्काल पुरै दाखिला गर्न ल्याएको भनी सूचनाको बुंदा ६ अनुसार १०% ले हुने रकम छुट दिइ रु १८१८९००। असुली गरेको देखाएको छ । तर सोही सूचनाको बुंदा ७ अनुसार दरभाउपत्र दाताले बोल कवोल गरेको रकम अंकको १३% ले हुन आउने मुल्य अभिवृद्धि करको रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा बुझाउनु पर्नेछ भनी उल्लेख गरेको अवस्थामा सो कर दस्तुर लेखा परीक्षण अवधी सम्म दाखिला गरेको देखिएन । अतः कवोल अंकको १३% ले हुने मु.अ.कर दाखिला हुनुपर्ने रु २६२७३०

१२८.२. त्यस्तै झिम खोलाको ठेक्का सूचना २०७६।६।९ मा इ.आइ.ए.को प्रतिवेदन वेगर बढी अंक कवोल गर्ने ठेकेदार चमेली माई निर्माण सेवासंग रु ७,५५,५५५। को सम्झौता गरेको छ । सूचनाको दफा ५ बमोजिम एकमुष्ठ बुझाउन ल्याएको भनी १०% ले हुने रकम छुट गरी रु ६७९९९९। असुल गरेको अवस्थामा दफा ४ बमोजिम बुझाउनु पर्ने कर दाखिला गरेको देखिएन । अतः बोल कवोल अंकको १३% ले हुने मु.अ.कर दाखिला गर्नुपर्ने रु ९८२२२

१२९. **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५, ५७, ५८ र ५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा यस वर्ष आय अनुमान गर्दा निम्नानुसार रु १ करोड ५ लाख ५७ हजार असुल गर्ने लक्ष्य राखेको मा रु ४८४३३६० (४५.८७%) असुली गरेको देखिन्छ। असुली गरिने कर वार्षिक वजेट विनियोजन गर्दा अनुमान गरे अनुसार असुल गर्नु पर्दछ ।

क.सं.	आय शीर्षक	अनुमान	असुली	असुल प्रतिशत(%)
१.	एकीकृत सम्पत्ति कर	१५००००	०	०
२.	भुमिकर/मालपोत	२००००००	०	०
३.	घरवहाल कर	१०००००	४४७८४	४४.७८
४.	वहाल विरौटी शुल्क	११३५०००	०	०
५.	सवारी साधन कर (साना सवारी)	१००००	०	०
६.	सरकारी सम्पतिका वहालबाट प्राप्त आय	३००००००	७११९००	२३.७३
७.	कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम	१००००००	०	०
८.	न्यायिक दस्तुर	५००००	६०६०	१२.१२
९.	शिक्षा क्षेत्रको आम्दानी	५००००	०	०
१०.	यातायात क्षेत्रको आम्दानी	२०००	०	०
११.	अन्य प्रशासनिक सेवा शुल्क	५००००	०	०
१२.	नक्शापास दस्तुर	५०००००	३६२०९	७.२४
१३.	सिफारिस दस्तुर	२००००००		
१४.	न्यायिक दण्ड,जरिवाना र जफत	१००००		
१५.	व्यवसाय कर	५०००००		
१६.	अन्य प्रशासनिक शुल्क	०	४०४४४०७	
	जम्मा	**१०५५७०००**	**४८४३३६०**	**४५.८७**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था

देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

१३०. वडा नं.४ का वडा सचिव महेश कुमार दासले नगदी रसिदको माध्यमबाट वर्षभर सिफारिस दस्तुर रु ३०,५७०। र मालपोत रसिदबाट रु ३६,५३८। समेत रु ६७,०४५। असुल गरेको अवस्थामा ५ पटक बैंक दाखिला गर्दा रु ६६,४५५। मात्र दाखिला गरेको देखियो । अतः घटी दाखिला गरेको रकम असुल गरी दाखिला हुनुपर्ने रु ५९०

१३१. **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ९ परियोजना सञ्चालन गर्न रु १ करोड ८० लाख बजेट प्राप्त भएकोमा रु १ करोड ६४ लाख ५५ हजार खर्च भई ९१.४१ प्रतिशत वितिय प्रगति प्राप्त भएको देखिन्छ ।

आयोजनाको नाम	लागत अनुमान	कार्यक्रमवाट व्यहोरिने रकम	जनसहभागिता	जम्मा	कार्यसम्पन्न रकम
तत्मा सामुदायिक भवन निर्माण हरिपुर ६ लक्ष्मीपुर	८५७२६२७।१५	५२१६८३५।८१	०	५२१६८३५।८१	१२५६६३२।१४
अधुरो सामुदायिक भवन तथा कम्पाउण्डवाल निर्माण हरिपुर ४ चौधरीटोल	११०९७१०।९२	९८००००	१२९७१०।९२	११०९७१०।९२	६०५७७९।००
मानव धर्मको भवन तथा कम्पाउण्ड निर्माण हरिपुर ४ हरैया	११३६२०६।६४	९७००००	१६६२०६।६४	११३६२०६।६४	१००००००
मस्जिदको मिनार निर्माण हरिपुर ३ फरहदवा संसोधन दुई तल्ला भवन निर्माण	२१८६५७७।२८	१९६००००	२२६५७७।२८	२१८६५७७।२८	१५७९४१६
हरिपुर १ हजारविघास्थित खत्रीको घरदेखि तस्विरमाझीको घरसम्म वाटो पक्की ढलान	१६२१५०१।४३	१४५५०००	१६६५०१।४३	१६२१५०१।४३	१४४९९३२
नेपाल रेडक्रस सोसाइटी अधुरो भवन निर्माण हरिपुर २ हरिपुर	१०८४५९९।५४	९७००००	११४५९९।५४	१०८४५९९।५४	९९३६३४
अधुरो सामुदायिक भवन तथा कम्पाउण्डवाल निर्माण हरिपुर ९ ढापटोल	१६३०३०३	१४५५०००	१७५३०३।८७	१६३०३०३।८७	१४७७८३१।४४
मुस्लिम सामुदियक भवन निर्माण	५९२७६९।९९	५३३५००	५९२६९।९९	५९२७६९।९९	५१३८६२।९९
तत्मा कम्पाउण्डवाल निर्माण कार्य	१३३२६४०।९१	११६४०००	१६८६४०।९१	१३३२६४०।९१	१०३१५६९।२३
जम्मा	१९२६६९३७।७३	१४७०४३३५।८१	१२०६८१०।५८	१५९१११४६।३९	९९०८६५६।८०

यस सम्बन्धमा निम्नानुसार देखिएका छन्:

१३१.१. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को बुँदा नं.६(घ) मा निर्देशक समितिले स्वीकृत गरेका आयोजना स्वीकृतिको लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार जि.स.स.वाट ८ वटा योजना छनोट भई आएकोमा वजेट वचत भई सोमा उल्लेख भई नआएको थप १ योजना समेत ९ योजना संचालन गरेको छ।

१३१.२. **कन्टेन्जेन्सीः-** योजना संचालन गर्दा लागत अनुमान अनुसार कट्टा गरेको निम्नानुसार कन्टेन्जेन्सी खर्च नभई स्थानीय संचित कोष खातामा जम्मा गरेको छ । उक्त रकम संघीय संचितकोषमा फिर्ता हुनुपर्ने रु १७९५००

भौ.नं.मिति	योजनाको नाम	भुक्तानी रकम	कट्टी गरेको कन्टेन्जेन्सी	कैफियत
३-०७७।३।२५	चौधरी टोलको अधुरो सामुदायिक भवन तथा कम्पाउण्ड	६०५७७९	१२०००	
४-०७७।३।२५	मानव धर्मको भवन तथा कम्पाउण्ड बाल नि.उ.स	१००००००	३००००	

५-०७७।३।२५	मस्जिदको दोस्रो तल्ला निर्माण कार्य उस	१५७९४१६	४००००	
६-०७७।३।२५	हजार विघा सित खत्रिको	१४४९९३२	४५०००	
७-०७७।३।२५	नेपाल रेडक्रस सोसाइटीको अधुरो भवन निउस	९९३६३४	३०००	
८-०७७।३।३०	ढापटोलमा अधुरो सामुदायिक भवन तथा कम्पाउण्ड वाल निउस	१४७७८३१	४५०००	कार्यसम्पन्न र मुल्यांकन प्रमाणित नभएको
९-०७७।३।३०	मुस्लिम सामुदायिक भवन उस	५१३८६२	१६५००	
१०-०७७।३।३०	तत्मा कम्पाउण्ड वाल निउस	१०३१५६९	३६०००	
१।०७७।०२।२०	तत्मा सामुदियक भवन	१२५६६३२		आपूर्तक मार्फत
	जम्मा	**९९०८६५५**	**१७९५००**	

१३१.३.	**मौज्दातः-** १४।०७७।३।३१ योजना संचालन नभइ बाँकी रहेको रकम रु ६४५००००। कोलेनिकाबाट निकासा लिई कोभेड १९ कोषमा जम्मा गरेको छ। सो रकम खर्च नभइ मौज्दातमा रहेको छ । संघिय सरकारको वजेट खर्च हुन नसकेको भनी स्थानिय संचित कोषमा राख्ने कार्यलाई नियमित मान्न नसकिएको। कोभिड १९ कोषमा समेत रकम मौज्दात नै रहेको देखिन्छ। खर्च गर्न नसक्ने र खर्च गर्नु नपर्ने अवस्थामा फ्रिज हुने रकम मौज्दात राख्नको लागि प्रकोप व्यवस्थापन कोषमा जम्मा गरेको रकम फिर्ता हुनुपर्ने रु	६४५००००
	प्रदेश सरकार हस्तान्तरित पूँजीगत	
१३२.	यस कार्यक्रममा रु ५४२०२७८ निकासा प्राप्त भएकोमा रु ३२२९८०३।२५ मात्र खर्च भई बाँकी रु २१९०४७४।७५ फ्रिज नगरेको रु	२१९०४७४
१३३.	**फ्रिजः-** ३।०७७।३।३१ वडा ७ को चिताइन मन्दिर देखि पिच सडक जानेबाटो सडक ढलान वापत उ.स.लाई रु २४९५२९८।१६ भुक्तानी गर्दा रु ५००००। कन्टेन्जेन्सी कट्टा गरेको छ । उक्त कन्टेन्जेन्सी रकम खर्च नभई नगरपालिकालको संचित कोषमा आम्दानी बाँधेको देखिएकोले फिर्ता हुनुपर्ने रु	५००००
	सामाजिक सुरक्षा कार्यक्रम	
१३४.	सामाजिक सुरक्षा तर्फ यस वर्ष रु.८४३४१०००। विनियोजन भएकोमा रु.८३९४५६००। खर्च भएको बैंक नगदी किताव र आर्थिक विवरणबाट देखिन्छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् :	
१३४.१.	निकासा रकम रु.८३९४५६०० मध्ये कति जेष्ठ नागरिकलाई कति वालपोषणमा के कति खर्च कसरी भयो श्रेष्ता तथा अभिलेख पेश नभएकोले श्रेस्ता कागजात पेस गरी लेखापरिक्षण गराउनु पर्ने रु.	८३९४५६००
१३५.	**पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्कीको नामेसीसहित के वापत पेश्की गएको हो पेश्की खातामा जनाई पेश्की फछ्यौंट गर्नु पर्ने व्यवस्था छ। कार्यालयले पेश गरेको म.ले.प.फा.न. २११ अनुसार असार मसान्तमा पेश्की शुन्य देखाएको छ। तर जेष्ठ मसान्तसम्म रु ५५८३३५० वाकी देखिन्छ। सो रकम फर्छ्यौट भए नभएको विवरण पेश नभएकोले पेश्की वाकि रहे नरहेको एकिन हुन सकेन। अतः कार्यालयले एकिन गरी विवरण पेश गर्नु पर्दछ ।	
	कोभिड १९ व्यवस्थापन तर्फ	

<table>
<tr><td>१३६.</td><td>बजेट प्राप्त विवरण अनुसार प्रदेश संचित कोषबाट प्राप्त रु १५ लाख संघीय समानिकरणबाट रु १ करोड ३३ लाख २५ हजार, स्थानिय पूर्वाधारबाट रु ६४ लाख ५० हजार तथा अन्य संघ संस्था, कर्मचारी लगायतवाट प्राप्त रु ७ लाख ८६ हजार समेत रु २ करोड २० लाख ६१ हजार आम्दानी भएकोमा यस वर्ष राहत वितरणमा रु ६३ लाख २० हजार, क्वारेन्टाइन होल्डिग सेन्टर निर्माण व्यवस्थामा रु १४ लाख २० हजार, औषधी एवम स्वास्थ्य उपकरण तथा सामाग्री खरिदमा रु ३७ लाख ९९ हजार, आईसोलेसन केन्द्र निर्माणमा रु १० लाख ६४ हजार समेत रु १ करोड २६ लाख ४ हजार खर्च गरी रु ९३ लाख ५७ हजार बचत रहेको हिसाव विवरण पेश गरेको छ। उक्त खर्च गर्दा कार्यालयले कोभिड कोष खडा गरी रु ३८ लाख ८८ हजार र बाँकी रकम नगरपालिका समानिकरण चालु र पूजिगत शिर्षकबाटै खर्च गर्ने गरेको छ । अतः पेश भएको तथ्याङकबाट वास्तविक खर्च सोही बराबर हो भन्न सकिएन ।</td><td></td></tr>
<tr><td>१३७.</td><td>क्वारेन्टाइन संचालनः- प्राप्त विवरण अनुसार ५०० वेडको क्वारेन्टाइन होल्डिग सेन्टर निर्माण व्यवस्थापनमा रु १४ लाख २० हजार भुक्तानी भएको छ। ९ स्थानमा ५०० वेडमा दैनिक रुपमा वसेको अधिकतम संख्या ५८ र असाढ मसान्तसम्ममा वसेको कुल संख्या २२४ जनाको लागि निर्माण तथा व्यवस्थापन कार्यमा सो रकम भुक्तानी भएको छ। त्यस्तै २० वेडको आईसोलेसन केन्द्र (फरहदवा स्वास्थ्य चौकी) मा बसेका ३१ जना को लागि निर्माण कार्यमा रु १० लाख ६४ हजार खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>१३८.</td><td>औषधी खरिदः पालिकाले पेश गरेको विवरण अनुसार रु ३७ लाख ९९ हजारको औषधी, स्वास्थ्य सामाग्री एवम उपकरण खरिद गरेको छ ।</td><td></td></tr>
<tr><td>१३९.</td><td>राहत वितरणः- ९ वटा वडा रहेको यस पालिकाले २७८२३ जनसंख्यालाई कभर गर्ने गरी ६०८६ लाभग्राही परीवारलाई चामल लगायतका सामाग्री वितरण गर्न रु ६३ लाख २१ हजार खर्च गरेको छ । वडा अध्यक्ष मार्फत निम्नानुसार वडामा पेश्की लिई चैत्र २५ को कार्यपालिकाको निर्णयानुसार चामल १५ केजी, दाल २ केजी, खानेतेल १ लिटर र नुन १ केजी का दरले प्रति परिवार वितरण गर्नको लागि शुरुमा वडा अध्यक्षले निम्नानुसार पेश्की लिएकोमा सो रकमबाट नपुग भएको भनी पुन निम्नानुसार सोधभर्ना लिएको छ । शुरु अनुमान गर्दा वडागत तथ्यांक संकलन गरी सोही संख्यालाई वितरण गर्न पुग्ने गरी समानिकरण चालु शिर्षकबाट पेश्की लिई सकेपछि सो भन्दा बढी खर्च भएको भनी थप भुक्तानी यस कोषबाट लिएको छ । राहत वितरण गर्न गरेको व्यवस्थापन खर्चको कारण कार्यपालिकाको सुरु निर्णय भन्दा वढी खर्च हुन गएको रु
<table>
<tr><th>वडा न</th><th>वडाध्यक्षको नाम</th><th>पेश्की रकम</th><th>वितरित परिवार संख्या</th><th>खर्च रकम</th><th>व्यवस्थापन खर्च</th><th>सोधभर्ना लिएको रकम</th></tr>
<tr><td>१.</td><td>कुमार लामा</td><td>६७४३५०</td><td>६४५</td><td>७०४००३</td><td>(३०३६३)</td><td>२६२९०</td></tr>
<tr><td>२.</td><td>रिखेश्वर कडरिया</td><td>६७८४७०</td><td>६५०</td><td>७०५५४५</td><td>(३६५०२)</td><td>२६४१५</td></tr>
<tr><td>३.</td><td>मो.इजरत शेख</td><td>४८८९५०</td><td>४६५</td><td>५१६०९९</td><td>(३७६६१)</td><td>२६४८८</td></tr>
<tr><td>४.</td><td>गणेश प्रसाद शाह</td><td>५१४७००</td><td>४९०</td><td>५३१५२६</td><td>(२७३६४)</td><td>१६८२५</td></tr>
<tr><td>५.</td><td>मंसुर मिया</td><td>९३७०००</td><td>८८५</td><td>९४७९७४</td><td>(३७३९८)</td><td>१७९९८</td></tr>
<tr><td>६.</td><td>इदी मंसुर</td><td>८८०३५०</td><td>८४५</td><td>९३३९०५</td><td>(६४४८५)</td><td>३७०००</td></tr>
<tr><td>७.</td><td>हृदय नारायण पंजियार</td><td>५९७१००</td><td>७०४</td><td>७७४९१५</td><td>(५०५७०)</td><td>१६४१९५</td></tr>
<tr><td>८.</td><td>हरि बहादुर थापा</td><td>५७३४१०</td><td>५७९</td><td>६२७६६४</td><td>(३१६६०)</td><td>५३६५३</td></tr>
<tr><td>९.</td><td>हरिनाथ प्रसाद साह</td><td>९११२५०</td><td>८५४</td><td>९४८२७०</td><td>(४७९२१)</td><td>२४३९०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६२५५५८०</td><td></td><td></td><td></td><td>३९३२५४</td></tr>
</table></td><td>३९३२५४</td></tr>
</table>

१४०.	**सामान मौज्दात** ३४-०७७।३।२२ विक्की ट्रेडर्सको विजक १३८।३।३२ बाट मोटो मेटरेट (डनपन) १५ पिस खरिद गरी रु ३५०० का दरले र सेनिटाइजर ५ लिटरको जार १० वटा प्रति जार २७०० का दरले मु.अ. कर समेत रु ८९८३५ भुक्तानी गरेको छ । जि.खा.पां.नं.११९ र ९१ मा (म.ले.प.फा.नं ५२ को) आम्दानी जनाएकोमा हाल सम्म मौज्दातमै रहेको छ । आवश्यकता अनुसार खरिद गर्नुपर्नेमा मौज्दात रहने गरी खरिद गर्नेलाई जिम्मेवार बनाई सामान प्रयोग र प्रयोजन खुलाउनु पर्ने रु	८९८३५
१४१.	**जोखिम भत्ता :** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्ति, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत जोखिम भत्ता प्राप्त गर्न सक्ने व्यवस्था छ । यस नगरपालिकाले २०७७।३।२४ को सदर टिप्पणी अनुसार कर्मचारी ५४ जनालाई रु ४६८०००। र २० जना राजनितिक पदाधिकारीलाई रु १२००००। भत्ता वापत भुक्तानी खर्च लेखेको छ । स्वास्थ्य कर्मी वाहेक अन्य कर्मचारी र ३ पदाधिकारीलाई जोखिम भत्ता भूक्तानी गरी थप व्ययभार पारेको रु	५८८०००
१४१.१.	त्यस्तै विभिन्न ५८ जना स्वास्थ्यकर्मीलाई रु ४५२७१६०। आगामी आर्थिक वर्षमा भुक्तानी गरिएको भनी विवरण पेश गरेपनि भुक्तानी गरेको श्रेस्ता पेश नभएकोले सो सम्बन्धमा विश्लेषण गर्न सकिएन । अत सो श्रेस्ता पेश गरी लेखापरिक्षण गराउनु पर्ने रु	४५२७१६०
१४२.	**अनुगमन** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, एकै उपभोक्ता समितिलाई २ भन्दा वढी योजनाको भूक्तानी लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन। बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । पालिकाले गत विगत वर्षको वेरुजु फछ्यौट गरी सम्परीक्षणको लागि अनुरोध नगरेकाले यो वर्ष सम्परीक्षण भएको छैन ।	
१४३.	**संचित कोष तथा वेरुजुको स्थितिः** पालिकाको संचित कोषको विवरण, वेरुजु (विनियोजन, राजश्व, धरौटी र अन्य कारोवार) बर्गिकरण र अद्यावधिक वेरुजुको स्थिति क्रमशः अनुसुची -१, अनुसुची -२ र अनुसुची - ३ मा समावेश गरिएको छ ।	

स्थानिय संचितकोष विवरण

२०७६/७७

अनुसूचि १

रु हजारमा

सि.न.	स्थानियतह	जिल्ला	आय										व्यय				मौज्दात
			लेखापरीक्षण रकम	बेरुजु रकम	बेरुजुप्रतिशत	गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाँडफाँड रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
						१	२	३	४	५	६(२+३+४+५)		७	८	९	१०(७+८+९)	११(१+६-१०)
१	हरिपुर नगरपालिका	सर्लाही	११०९८७२	१५९७८८	१४.४०	१५२८५६	३०९१३३	६५६४२	१८६४३	१४४९०३	५३८३२१		७७५४२	१८२१३१	३११८७८	५७१५५१	११९६२६

बेरुजु वर्गीकरण (विनियोजन, राज्स्व, धरौटी र अन्य कारोबार)

२०७६/७७

अनुसूची-२

(रु हजारमा)

सि.न.	स्थानियतहको नाम	जिल्ला	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु									
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	हरिपुर नगरपालिका	सर्लाही	८७	८५	१५९७८८	०	०	०	८७	८५	१५९७८८	१४७०४	१९१७५	१२५९०९	०	०	१४५०८४	०	०	०

अधावधिक बेरुजु स्थिति

२०७६/७७

अनुसूची-३

(रु हजारमा)

क्र.स.	स्थानियतहको नाम	जिल्ला	गत वर्ष सम्मको वाँकी वेरुजु	समायोजन	गत वर्षसम्मको यथार्थ बाकीं वेरूजु	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
१	हरिपुर नगरपालिका	सर्लाही	९९७१४	०	९९७१४	०	०	०	०	९९७१४	१५९७८८	२५९५०२	१२००